# प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना

वि सं २०७९ - २०८७ (सन् २०२२-२०३०)


प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. १, विराटनगर

२०७९ असार

# विषयसूची


कार्यकारी सारांश ....... १

अध्याय १ः पृष्ठभूमि ....... ३

१.१. प्रदेशको परिचय ....... ३

१.२. प्रदेशमा विपद् जोखिमको अवस्था विश्लेषण ....... ३

१.२.१ भूकम्प ....... ४

१.२.२ बाढी ....... ४

१.२.३ पहिरो ....... ५

१.२.४ हिमपहिरो र हिमताल विष्फोट ....... ५

१.२.५ सुख्खा खडेरी ....... ६

१.२.६ आगलागी ....... ६

अध्याय २ः मौजुदा नीतिगत व्यवस्था ....... ८

२.१. संवैधानिक व्यवस्था ....... ८

२.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ः ....... ८

२.३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ....... ९

२.४. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ ....... ११

२.५. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना ....... ११

२.६. प्रदेश विपद् व्यवस्थापन ऐन,२०७५ ....... १२

२.७. विपद् जोखिम व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था ....... १२

.२.८ विपद् व्यवस्थापनका लागि प्रदेशबाट भएका कार्य ....... १३

अध्याय ३ः प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना ....... १५

३.१. परिचय ....... १५

३.२. कार्ययोजना तर्जुमा प्रक्रिया ....... १५

३.३. मार्गदर्शक सिद्धान्त ....... १८

३.४. दीर्घकालीन सोच, अपेक्षित परिणाम, लक्ष्य, उद्देश्य ....... १९

३.५. लक्ष्य प्रक्षेपण ....... १९

अध्याय ४ःरणनीतिक प्राथमिकता तथा कार्ययोजना ....... २३

४.१. रणनीतिक क्षेत्र १ः विपद् जोखिमबारे बुझाइ अभिवृद्धि ....... २३

४.१.१ रणनीतिक कार्य १ः बहुविपद् जोखिम नक्साङ्कन, लेखाजोखा र सम्प्रेषण ....... २३

४.१.२ रणनीतिक कार्य २ः विपद् जोखिमसम्बन्धी ज्ञान व्यवस्थापन ....... २७

४.१.३ रणनीतिक कार्य ३ः विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र व्यवस्थापन....... २८
४.१.४ रणनीतिक कार्य ४ः अन्तरनिकाय समन्वय संयन्त्रको विकास ............................ ३०
४.१.५ रणनीतिक कार्य ५ः विषयगत क्षेत्रको जोखिम न्यूनीकरणका लागि क्षमता अभिवृद्धि .. ३१
४.२. रणनीतिक क्षेत्र २ः विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण ................ ३४
४.२.१ रणनीतिक कार्य ६ः सशक्त नीतिगत व्यवस्था ................................................ ३४
४.२.२ रणनीतिक कार्य ७ः संस्थागत विकास र एवं सुदृढीकरण.................................. ३५
४.२.३ रणनीतिक कार्य ८ः विपद् उत्थानशीलताका लागि सामाजिक समावेशीकरण .......... ३७
४.२.४ रणनीतिक कार्य ९ः विपद् उत्थानशीलताका लागि सहकार्य र साझेदारी................. ३८
४.३. रणनीतिक क्षेत्र ३ः विपद् उत्थानशीलता अभिवृद्धिका लागि सार्वजनिक तथा निजी लगानी प्रवर्द्धनः ........................................................................................................... ४०
४.३.१ रणनीतिक कार्य १०ः उत्थानशीलता अभिवृद्धिका लागि सरकारी लगानी प्रवर्द्धन ...... ४०
४.३.२ रणनीतिक कार्य ११ः विपद् उत्थानशीलता अभिवृद्धिमा सार्वजनिक लगानी प्रवर्द्धन.... ४६
४.३.३ रणनीतिक कार्य १२ः विपद् उत्थानशीलताका लागि निजी लगानी प्रवर्द्धन ........... ४७
४.३.४ रणनीतिक कार्य १३ः विपद् जोखिम हस्तान्तरण, बिमा तथा सामाजिक सुरक्षा......... ४९
४.३.५ रणनीतिक कार्य १४ः समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रम प्रवर्द्धन ....... ५०
४.४. रणनीतिक क्षेत्र ४ः विपद् प्रतिकार्य र पुनःस्थापनका लागि प्रभावकारी पूर्वतयारी........... ५१
४.४.१ रणनीतिक कार्य १५ः प्रभावकारी प्रतिकार्यका लागि सशक्त विपद् पूर्वतयारी.......... ५१
४.४.२ रणनीतिक कार्य १६ः बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तार .............. ५५
४.४.३ रणनीतिक कार्य १७ः समन्वय, सूचना व्यवस्थापन र सम्प्रेषण........................... ५८
४.४.४ रणनीतिक कार्य १८ः विपद् प्रतिकार्य क्षमता विकास ...................................... ५८
४.४.५ रणनीतिक कार्य १९ः" अझ बलियो र अझ राम्रो "निर्माण सहित पुनर्निर्माण र पुनःस्थापन...... ६०
अध्याय ५ः वित्तीय व्यवस्था र भूमिका तथा जिम्मेवारी ............................................... ६२
५.१. औपचारिक स्रोत बाँडफाँड प्रक्रियाबाट विनियोजित बजेट........................................ ६२
५.२. प्रदेश तथा स्थानीय तहको सार्वजनिक व्यय व्यवस्थापन ......................................... ६२
५.३. नियामक प्रक्रियाबाट प्राप्त स्रोत.............................................................................. ६२
५.४. विपद् व्यवस्थापन कोषको परिचालन ..................................................................... ६२
५.५. प्रदेशका लागि आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त कार्यक्रम सहयोग ........................ ६३
५.६. अन्य स्रोतबाट प्रदेशलाई प्राप्त हुने स्रोत ............................................................... ६३
अध्याय ६ः अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन ......................................................... ६३
६.१. रणनीतिक कार्ययोजनाको कार्यान्वयनः.................................................................. ६३

६.२.	अनुगमन तथा मूल्याङ्कनः ........................................................................ ६४
६.३.	पुनरावलोकन र अध्यावधिकः .................................................................. ६५
सन्दर्भ सामग्री ........................................................................................... ६६

# कार्यकारी सारांश

प्राकृतिक तथा मानवकृत विपद्का कारण हुने जनधनको नोक्सानी र क्षतिलाई कम गर्न विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण तथा आपत्कालीन प्रतिकार्यलाई प्रभावकारी बनाउन सबै तहमा समयानुकूल नीतिगत तथा कानूनी व्यवस्थाका साथै कार्यान्वयन रणनीतिको आवश्यकता पर्दछ । नेपालको संविधानको भाग ४ धारा ५१(छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण र प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुन:स्थापना गर्ने व्यवस्था उल्लेख भएको छ । त्यसैगरी संविधानको अनुसूची ७ ले प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ । अनुसूची ८ मा विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा सुनिश्चित गरिएको छ ।

प्रस्तुत नीति तथा रणनीतिक कार्ययोजना तर्जुमाको मूल मार्गदर्शनका रूपमा विपद् व्यवस्थापन ऐन, २०७५ (पहिलो संशेधन २०७६) का साथै विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५; विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (पहिलो संशोधन २०७५); विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०), र जलवायु परिवर्तन राष्ट्रिय नीति, २०७६ लाई आत्मसात गरिएकोछ ।

सन् २०१५ मा जापानको सेण्डाइ सहरमा आयोजना भएको विपद् जोखिम न्यूनीकरणसम्बन्धी विश्व सम्मेलनबाट अनुमोदित "विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा (२०१५-२०३०)" अनुरूप कार्य गर्ने प्रतिबद्धता नेपालले जनाएको छ। दिगो विकास लक्ष्य २०१५-२०३० र जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताको कार्यान्वयन गर्ने प्रतिबद्धता पनि जनाएको छ । विश्व सम्मेलनबाट अनुमोदित उल्लिखित तीनवटै कार्यढाँचा र सम्झौता विपद् उत्थानशील समाजको विकासका सन्दर्भमा महत्वपूर्ण छन् । नेपालले विश्वमञ्चमा प्रतिबद्धता जनाएअनुरुप विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका माध्यमबाट मुलुकको उत्थानशीलता अभिवृद्धि गर्दै दिगो विकास प्राप्त गर्नका लागि विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०), तर्जुमा गरेको छ।

नेपाल बहुविपद्को उच्च जोखिममा रहेको छ र विश्वव्यापी उष्णीकरणका कारण जलवायु परिवर्तनको प्रभाव पनि उच्च रहेको छ । प्रदेश नं. १ भूकम्प, बाढी, पहिरो, चटयाङ, वन्यजन्तुको आक्रमण, आगलागी, खडेरी, सडक दुर्घटनालगायतका विपद्को उच्च जोखिममा रहेको छ । अध्ययनबाट प्राप्त नतिजा अनुसार हिन्दुकुश हिमालय क्षेत्रमा उत्पत्ति भएका हिमतालहरूमध्ये केही हिमताल विष्फोटको उच्च जोखिममा रहेका छन् । प्रदेशको आफ्नै भूभाग कोशी जलाधार क्षेत्रमा उत्पन्न भएका हिमतालसहित तिब्बती क्षेत्रमा उत्पत्ति भएका हिमताल समेत फुटेर नेपाल लगायत भारत र बङ्गलादेशमा समेत ठूलो क्षति हुने सम्भावना रहेको छ।

विपदबाट हुने क्षति कम गरी मानव जीवन र सम्पत्तिको रक्षा गर्नु प्रदेश सरकारको कर्तव्य हुन आउँछ। यसका लागि विकासमा गरिने लगानीको प्रतिफल सुनिश्चित गरी दिगो विकास लक्ष्य

प्राप्तिका लागि जलवायु परिवर्तनका कारणसमेत उत्पन्न हुनसक्ने विपद्को जोखिम न्यूनीकरणमा ध्यान दिनु पर्ने हुन्छ । प्रदेशलाई विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण गरी सुरक्षित "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को निर्माण गर्न प्रदेश विपद् व्यवस्थापन नीति, २०७८ र प्रदेश विपद व्यवस्थापन रणनीतिक कार्ययोजना (२०२१-२०३०) तयार गरिएको छ ।

विपद् र जलवायु परिवर्तनको प्रभावको सामनाका लागि भएका प्रयास र अभ्यासलाई समेत मार्गदर्शनको रूपमा लिई यो रणनीतिक कार्ययोजना तयार गरिएको छ । प्रस्तुत रणनीतिक कार्ययोजनाले विश्वव्यापी कार्यढाँचा तथा नेपाल सरकारद्वारा तय गरिएका प्राथमिकता प्राप्त क्षेत्रलाई आधार मानेर ४ ओटा रणनीतिक क्षेत्र, १९ ओटा रणनीति र १४४ रणनीतिक क्रियाकलाप पहिचान गरिएको छ ।

रणनीतिक कार्ययोजनामा उल्लेख भएका प्रत्येक रणनीतिक कार्यलाई अझ विस्तृत गरी रणनीतिक क्रियाकलापहरू तयार गरिएका छन् । ती कृयाकलापलाई आर्थिक वर्ष २०७८/०७९ देखि ०७९/८० सम्मको अवधिलाई अल्पकालीन, २०७९/८० देखि २०८१/०८२ सम्मको अवधिलाई मध्यकालीन, आर्थिक वर्ष २०७८/०७९ देखि २०८६/८७ सम्मको अवधिलाई दीर्घकालीन र निरन्तर गर्नुपर्ने क्रियाकलापका रूपमा प्रस्ताव गरिएका छन् । सबै क्रियाकलापलाई प्रदेश सरकारले आफ्ना वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै जानेगरी प्रस्ताव गरिएको छ ।

# अध्याय १ः पृष्ठभूमि

## १.१. प्रदेशको परिचय

विशिष्ट भूगोल र विविधतायुक्त जलवायु रहेको यो प्रदेश प्राकृतिक सौन्दर्य र जैविक विविधतामा धनी छ । समुद्र सतहबाट ६० मिटर उचाइ रहेको झापाको केचनकवलबाट शुरु भएर ८,८४८.८६ मिटर अग्लो विश्वकै सर्वोच्च शिखर सगरमाथासम्म फैलिएको यस प्रदेशमा सर्वाधिक होचो अरुण उपत्यका समेत रहेको छ । कोशी नदीको जलाधारले सिँचित यो प्रदेश किराँत, लिम्बुवान र विराट राज्यको गौरवमय इतिहासबाट समेत परिचित छ । प्रदेशको कूल भूभागको ८२ प्रतिशत पहाड र हिमाल तथा १८ प्रतिशत समथर तराई रहेको कारण यहाँ पहाडी र हिमाली पर्यटनको प्रचूर सम्भावना रहेको छ।

झापा, इलाम, पाँचथर, ताप्लेजुङ, सङ्खुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङगा र उदयपुर समेत १४ वटा जिल्ला समेटिएको छ । यसैगरी महानगरपालिका, नगरपालिका, गाउँपालिका, हिमाल, पहाड र तराईसम्म २५,९०५ वर्ग किमी क्षेत्रफलमा फैलिएको यस प्रदेशको पूर्वमा भारतको सिक्किम पश्चिमबङ्गाल राज्य, पश्चिममा नेपालको प्रदेश नं २ र वागमती प्रदेश, उत्तरमा मित्रराष्ट्र चीन र दक्षिणमा मित्र राष्ट्र भारत पर्दछ ।

प्रदेशलाई सप्तकोशी, अरुण, बरुण, दूधकोशी, सुनकोशी, लिखु, सभा, सङ्खुवा, तमोर, कनकाइ, मेची, रतुवा, बक्राहा, चिसाङ, पिलुवा, काबेली, केशलिया, कनकाइ, सेउती, त्रियुगा, सुनसरी आदि दर्जनौं नदीले सिञ्चित गरेका छन् । त्यसैगरी कोशी जलाधार क्षेत्रभित्र रहेका हिमताल मध्ये तल्लो बरुण, हुङ्गुटु र लुमदिङ छो लगायत कम्तीमा ४२ वटा हिमताल उच्च जोखिममा रहेका छन् । कोशी जलाधार क्षेत्रभित्र अति उच्च जोखिममा रहेका च्छो रोल्पा र इम्जाको जल निकासका माध्यमबाट तत्कालीन जोखिम न्यूनीकरण गरिएको छ ।

मोरङ जिल्लाको बिराटनगरसहित विराटक्षेत्र निर्धारण गरी राजधानी तोकिएको यस प्रदेशको जनसङ्ख्या विसं २०७८ को जनगणनाको प्रारम्भिक तथ्याङ्कअनुसार ४९,७२,०२१ रहेको छ | प्रदेश जातीय तथा भाषिक रूपमा विविधतायुक्त छ ।

## १.२. प्रदेशमा विपद् जोखिमको अवस्था विश्लेषण

प्रदेश योजना आयोगले हालै सार्वजनिक गरेको प्रदेशको पञ्चवर्षीय योजनाअनुसार प्रदेशमा विपदबाट वार्षिक ६२ करोड अर्थात् कूल गार्हस्थ उत्पादनको ०.८१ प्रतिशत क्षति हुने गरेको छ । गृह मन्त्रालय अन्तरगत रहेको विपद् पोर्टलका अनुसार वि सं २०७८ मा यस प्रदेशमा भएका ९७८ घटनामा परी १२६ जना मानिसको मृत्यु र ५ जना बेपत्ता भएका छन् । गएको दुई वर्षमा विपदबाट उच्च आर्थिक क्षति भएका १० जिल्लामध्ये यस प्रदेशका सुनसरी, मोरङ, ताप्लेजुङ, झापा, सोलुखुम्बु, उदयपुर, क्रमशः दोस्रो, चौथो, पाचौं, छैठौं, आठौं र नवौं स्थानमा रहेका छन् । यसअनुसार पनि प्रदेश विपद्को उच्च जोखिममा रहेको स्पष्ट हुन्छ ।

### १.२.१ भूकम्प

नेपाल सक्रिय भूकम्पीय क्षेत्रमा अवस्थित छ । नेपालमा हिमालयभन्दा दक्षिणतर्फका मध्य पर्वतहरूसँग जोड्ने विशाल हिमालयको आधार स्थलमा मेन सेन्ट्रल थ्रस्ट, साना हिमालय र सिवालिकको सङ्गमस्थलमा मेन बाउन्ड्री थ्रस्ट तथा सिवालिकको दक्षिणतर्फ हिमालय फ्रन्टल फल्ट समेत प्रमुख तीन दरारहरू रहेका छन् । प्रत्येक दरारहरू पूर्वदेखि पश्चिमतर्फ क्रियाशील छन् । यसैका कारण नेपालमा साना तथा ठूला भूकम्पहरू नियमित रूपमा जाने गर्दछन् । यी दरारहरू उत्तरतर्फ रहेको टिबेटीयन टेक्टोनिक प्लेटको तल दक्षिणतर्फ रहेको इण्डियन टेक्टोनिक प्लेट घुसिरहेको कारण शक्ति सञ्चय भइरहेको हुन्छ । लामो समयसम्म सञ्चित शक्ति बाहिर निस्किँदा त्यसको दवाबका कारण भूकम्प जाने गरेको छ ।

अध्ययनबाट प्राप्त नतिजा अनुसार इण्डियन टेक्टोनिक प्लेट प्रत्येक वर्षा २० मिलिमिटर उत्तरतर्फ सरिरहेका कारण टिबेटीयन प्लेटको उत्तरमा रहेको युरेशियन टेक्टोनिक प्लेट पनि प्रति वर्ष ५ मिलिमिटर उत्तरतर्फ नै सरिरहेको छ । यी प्लेटहरूको गतिशीलताका कारण यो क्षेत्र विश्वकै सर्वाधिक गतिशील स्थान मानिन्छ । भू-उपग्रहहरूको उपयोग गरेर ग्लोबल पोजिसनिङ सिस्टमद्वारा गरिएको मापनबाट नेपालको मध्य भाग काठमाडौंको पूर्वोत्तर दिशामा अवस्थित हिमालय प्रति वर्ष ७.२ मिलिमिटर बढिरहेको बताइएको छ । यसैकारण नेपालमा भूकम्पको जोखिम उच्च रहेको छ । नेपालमा ईस्वी संवत् १२५५, १४१०, १५०५, १५५५, १८०३, १८३३, १८९७, १९०५, १९३४, १९५०, २०११ र २०१५ मा ठूला भूकम्पहरू गएका थिए ।

वि. सं. १९९० माघ २ गतेको ८.४ रिक्टर स्केलको महाभूकम्पको केन्द्रविन्दू (संखुवासभाको चैनपुर) रहेको यो प्रदेशमा वि. सं. २०७२ वैशाख १२ गते गोरखा केन्द्रविन्दु भएको ७.६ रिक्टर स्केलको विनाशकारी भूकम्प, २०७२ साल वैशाख २९ गते सिन्धुपाल्चोक केन्द्रविन्दु भएको ७.३ रिक्टर स्केलको ठूलो पराकम्पन र त्यसपछि निरन्तर गएका साना ठूला पराकम्पनका कारण नेपालमा जनधनको व्यापक क्षति भयो । उक्त भूकम्पले हिमपहिरो, सुख्खा पहिरो, बाटो अवरोधजस्ता विपत्तीहरू उत्पन्न गर्यो । यस भूकम्पबाट नेपालका ३१ जिल्ला नराम्ररी प्रभावित भए र त्यसमध्ये १४ जिल्लालाई सरकारले अति प्रभावित जिल्ला घोषणा गर्यो । भूकम्पबाट देशका थुप्रै बस्तीहरू बसोबासका लागि जोखिमपूर्ण भए भने काठमाडौं उपत्यका भित्रका ऐतिहासिक तथा पुरातात्विक सम्पदामा ठूलो क्षति भयो ।

प्रदेश नं १ मा १० वर्षको अवधिमा भूकम्पका २१ वटा घटनामा ६३ जनाको मृत्यु ३ जना बेपत्ता र ३८९ जना घाइते भएका थिए । ३८,३०४ घरहरुमा पूर्ण र ६३,५९३ घरहरुमा आँशिक क्षति भएको थियो भने करिव ५० करोडको प्रत्यक्ष आर्थिक क्षति भएको थियो ।

### १.२.२ बाढी

नेपालमा साना ठूला गरेर ६,००० भन्दा बढी नदीहरू छन् जसको कूल लम्बाइ करिब ४५ हजार किलोमिटर छ । यस प्रदेशमा नदीको सङ्ख्या करिव १,५०० रहेको अनुमान गरिएको छ। यी नदीहरू स्वच्छ पिउनेपानी, सरसफाइ, सिँचाइ, ऊर्जा उत्पादन, जल यातायात लगायत आर्थिक विकासका मेरुदण्डका रूपमा रहेका छन् । तथापि, यिनै नदीले हरेक वर्षको मनसुनमा जनजीवन

अस्तव्यस्त मात्र बनाउँदैनन् तल्लो तटीय क्षेत्रका वेंशी, उपत्यका र अझ तराईमा विनाशलीला मच्चाउँछन् । प्रत्यर्क वर्षको आषाढ, श्रावण, भाद्र र आश्विनको पहिलो साता गरी करिब साढे तीन महिना आउने बाढीले मानवीय तथा भौतिक सम्पत्तिमा गर्ने क्षति विनाशकारी रहने गरेको छ । यस प्रदेशमा विगत १० वर्षमा बाढीका ४४५ घटनामा परेर १५१ जनाको मृत्यु, ८४ जना बेपत्ता र २७ जना घाइते भएका छन् भने ११,८५५ परिवार प्रभावित, ७१९ घरमा पूर्ण क्षति र ७,८८९ घरमा आँशिक क्षति पुगेको छ । २४३ गोठ र ७३ पशुचौपायामा क्षति पुगेको तथा १५ करोड ३३ लाख रुपैयाँ बराबर प्रत्यक्ष आर्थिक क्षति भएको देखिन्छ ।

नेपालमा सामान्यतया, मुसलधारे वा अतिवृष्टि, धेरै दिनसम्म लगातार हुने वर्षा, हिमताल विस्फोटन र पहिरोबाट थुनिएको बाँध फुटेर बाढी आउँछ । ग्रीष्मकालीन मनसुन अधिक सक्रिय बनेपछि आषाढ, श्रावण, भाद्र र आश्विन महिनाको मध्यसम्म सबभन्दा धेरै बाढी आउँछ । शिवालिक र मध्य पहाडी भू-भागमा छोटो समयमा हुने मुसलधारे वर्षाका कारण आउने खहरे बाढीबाट धेरै मानवीय क्षति हुने गरेको पाइन्छ । विशेषगरी, चुरे पहाड देखि उत्पन्न खहरेहरूबाट अचानक आउने बाढीले भावर क्षेत्र खतरामा पर्दै गएको छ । यी नदीले प्रायः धार परिवर्तन र धेरै गेग्रयान बगाएर ल्याउने हुँदा तराईमा पटानको समस्या बढेको र तराइका खोला नदीको सतह उकासिन गइ बाढीको प्रकोप थप जटिल बन्दै गएको छ । यसबाट खेती गरिएको बाली नष्ट हुने, कृषियोग्य जमिन भरूभूमीकरण हुने र वस्तीसमेत जोखिममा पर्ने गरेको छ ।

कोशी नदीमा निर्माण भएको बाँध, तटबन्ध त्यसको नियमित मर्मत सम्भारमा भएको कमजोरीका कारण प्रत्येक वर्ष ठूलो क्षति हुने गरेको छ । माथिल्लो तटीय क्षेत्रमा जलाधार संरक्षणमा भएको कमजोरी र नदी व्यवस्थापनमा देखिएको उदाशीनताले बाढीको जोखिम बढ्दै गएको छ ।

### १.२.३ पहिरो

प्राकृतिक प्रकोपका घटनाहरूमध्ये पहिरो समग्र नेपालकै समस्या हो । ८२ प्रतिशत पहाड र हिमाली क्षेत्रले समेटेको यो प्रदेश पहिरोको उच्च जोखिममा छ । विगत १० वर्षको तथ्याङ्कअनुसार प्रदेशमा ५७५ वटा पहिरोमा परेर २१६ जनाको मृत्यु भयो भने ३९ जना बेपत्ता र १२३ जना घाइते भए । यस अवधिमा १,१६० घरहरु पूर्ण क्षति र १,७४४ घरहरु आँशिक क्षति भएका थिए । ९३ गोठ र २२३ घरपालुवा पशु नष्ट भएका र ५१ करोड १६ लाख आर्थिक नोक्सानी भएको थियो। (स्रोतः विपद् पोर्टल)

पहिरोका कारण कृषि भूमि, आवास क्षेत्र, राजमार्ग, वन तथा जैविक विविधतामा ठूलो नोक्सान हुने गरेको छ। प्रदेशका उत्तरदक्षिण राजमार्ग, मध्यपहाडी लोकमार्ग, जिल्ला र स्थानीय तहमा भएका कृषि तथा व्यवसायिक सडकमा पुग्ने अवरोधले विशेषगरी आषाढ, श्रावण, भाद्र र आश्विन गरी चार महिना जनजीवन कष्टकर हुने गरेको छ ।

### १.२.४ हिमपहिरो र हिमताल विष्फोट

नेपाल हिमताल विष्फोटन र हिमपहिरोको समेत उच्च जोखिममा रहेको छ । वि. सं. २०७१ आश्विन २८ गते नेपालको मनाङ र मुस्ताङ जिल्लास्थित अन्नपूर्ण र धौलागिरी आसपासको क्षेत्रमा धेरै हिमपात भयो भने श्रृङ्खलावद्ध हिमपहिरो गयो । सोही वर्षको हिमआँधीका कारण भएको हिमपात

र हिमपहिरोमा परेर २१ जना पदयात्रीसहित ४३ व्यक्तिको मृत्यु भयो । विश्वव्यापी उष्णीकरणका कारण तिब्ररुपमा हिउँ पग्लिनाले हिमतालको उत्पत्ति हुने र विष्फोटन हुने सम्भावना यो प्रदेशमा पनि बढ्दै गएको छ । विष्फोटनको उच्च जोखिममा रहेका ४७ मध्ये ४२ वटा हिमतालहरु कोशी जलाधार क्षेत्रमा पर्ने स्थानीय तह र समुदायहरु प्रभावित हुनसक्ने देखिन्छ ।

### १.२.५ सुख्खा खडेरी

नेपालमा सन् २००८ मा न्यून वर्षाको कारण देशभर अन्न उत्पादनमा गम्भीर ह्रास आयो । देशको मध्य तथा सुदूर पश्चिमका केही जिल्लाहरूमा नोभेम्बर २००८ देखि फेब्रुअरी २००९ सम्म औसत वर्षाको आधाभन्दा कम वर्षा भएकोले अन्न उत्पादन ५० प्रतिशतभन्दा कम भएको थियो । तत्कालीन कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले गरेको अध्ययन अनुसार न्यून खाद्यान्न उत्पादनको कारण करिब २० लाख मानिस खाद्य असुरक्षाको उच्च जोखिममा परेका, ३५ लाख मानिसमा अप्रत्यक्ष प्रभाव परेको र ४० जिल्लामा खडेरीको कारणले खाद्यान्नको अभाव भएको उल्लेख छ।

हाल तराई, भित्री मधेश, पहाड र हिमाली भेगसम्म सुख्खा खडेरीको प्रभाव क्रमिक रूपमा वृद्धि भै कृषि सिंचाइ र खानेपानीमा समस्या देखिनुका साथै पर्यावरणीय प्रतिकूलताले जैविक विविधता र मानवीय जीवन पद्धतिमा समेत नकारात्मक प्रभाव परेको छ। यस प्रदेशमा पनि खडेरीको प्रभाव बढ्दै गएको छ । प्रदेशका पाँचथर, धनकुटा, संखुवासभा, उदयपुर र तेह्रथुम जिल्लाका केही स्थानीय तहमा खडेरीको प्रभाव उच्च देखिएको छ ।

### १.२.६ आगलागी

प्रदेश नं १ को विगत १० वर्षको तथ्याङ्क अनुसार आगलागी सबैभन्दा धेरै हुने गरेको देखिन्छ । २०६८ देखि २०७८ सालको अवधिमा आगलागीका ५०१४ घटना भइ १४८ जना मानिसको मृत्यु ४०० जना घाइते, १ सरकारी भवन, ५,४६५ निजी घर र १,३९२ गोठ पूर्ण रुपमा नष्ट भएका थिए । आगलागीका कारण ६३४ करोड आर्थिक क्षति भएको देखिन्छ ।

पहाडी क्षेत्रका बाक्ला घर भएका बजार र तराईका ग्रामीण क्षेत्रका बाक्ला कच्ची घरमा हुने आगलागी विनाशकारी हुने गरेको छ । जनचेतनाको अभाव, आगोको प्रयोगमा लापरवाही तथा राम्ररी वायरिङ नगरिएका घरमा विद्युत् सर्किट सट भएर आगलागी हुने गरेको छ ।

### १.२.७ वन्यजन्तुको आक्रमणः

वन्यजन्तुहरूलाई जङ्गलमा पर्याप्त खाना र पानी नहुनु, माँसाहारी जनावरको कमी र साकाहारी जङ्गली जनावरको संख्यामा बृद्धि हुनु, वनजङ्गलमा मानिसको चहलपहल बढ्नु, जङ्गलको खानेकुरा भन्दा मानिसले लगाएको बाली मीठो लागेर बानी पर्नु, सामुदायिक वनमा झाडि हटाउनु, जङ्गल नजिकै वस्तीहरू हुनु र बाँदर लगायतका वन्यजन्तुहरूको स्वाभावमा परिवर्तन भइ आक्रामक बन्दै जानु जस्ता कारणहरूबाट विशेषगरी पहाडी क्षेत्रमा बाँदर, दुम्सी, मृग, खरायो, बँदेलजस्ता जनावरहरूले मानिसले लगाएको बालीनाली खाएर नष्ट गरिदिने गरेका छन् । बाँदरका कारण कतिपय वस्तीबाट

मानिसहरू बसाइ सर्नुपर्ने अवस्था आउन थालेको छ । तराइका झापा, सुनसरी, मोरङ र उदयपुर जिल्लामा हात्तीको आक्रमणबाट धनजनको क्षति हुने गरेको छ।

### १.२.८ चटयाङः

अध्ययनले संसारमै चटयाङका तीन हटस्पटमध्ये नेपाललाई एक मानेको छ । नेपालमा धेरै चटयाङ परेर मानवीय आर्थिक तथा भौतिक क्षति हुने गरेको छ । प्रदेश १ मा बाढी पहिरो पछि बढी मानवीय क्षति चटयाङका कारणबाट हुने गरेको छ । २०६८ देखि २०७८ सालको अवधिमा चटयाङका ७१८ घटनामा ३१५ जना मानिसको मृत्यु ६५६ जना घाइते, १०४ निजी घर र ३२ गोठ पूर्ण रुपमा नष्ट भएका थिए । चटयाङका कारण ३ करोड ७८ लाखको आर्थिक क्षति भएको देखिन्छ । प्रदेश नं १ मा २०७८ सालमा मात्रै चटयाङका ६६ वटा घटनामा १९ जनाको मृत्यु र ३८ जना घाइते भएका थिए।

### १.२.९ महामारीः

मनसुनका बेला पानी र जीवाणुबाट संक्रमण हुने रोगका कारण वर्षेनी धेरैको ज्यान जाने गरेको छ। झाडापखाला, हैजा, कमलपित्त, श्वासप्रश्वास सम्बन्धी रोगबाट र मनसुनको समयमा डेङ्गु, कालाज्वर, झाडापखाला जस्ता पानीबाट हुने रोगहरुका कारण बर्षेनी ठूलो मानवीय क्षती हुने गरेको छ।दुषित पानीको प्रयोग, जिवाणुहरुको संक्रमण, खाद्य असुरक्षा, सचेतनाको कमीलगायतका कारण महामारीका घटनाहरु दोहोरिरहेका छन्।पर्याप्त जनचेतनाको कमीका कारण र खानेपानीका स्रोतमा बाढी पसेर पानी प्रदुषित भइ यस्ता घटना हुने गरेका छन्। विगत १० वर्षमा महामारीका कारण १४ घटनामा १२ जनाको मृत्यु भएको १८ जना घाइते भएका थिए ।

२०७६ साल पौष महिनामा चिनको हुवानबाट शुरु भएको कोभिड-१९ले विश्वलाई आक्रान्त पारेको छ जसको तिब्र प्रभाव नेपालमा पनि परेको छ । विपद् प्रतिकार्य र पुनर्लाभका क्रियाकलाप कोभिड-१९को सम्भावित संक्रमणबाट जोगिएर गर्नुपर्ने चुनौती पनि छ । देशभरीमा कोभिड १९ का कारण ११,७०३ जनाले ज्यान गुमाउँदा यस प्रदेशमा १,६९० जनाको मृत्यु भएको छ ।

यसका साथै प्रदेशमा सर्पदंश, सडक दुर्घटना, लेक लाग्ने, डुङ्गा दुर्घटना, हुरीबतास, शीतलहरलगायतका घटनाहरुबाट जनधनको क्षति हुने गरेको छ ।

# अध्याय २: मौजुदा नीतिगत व्यवस्था

## २.१. संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ५१(छ) (९) वमोजिम प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहात एवं पुनर्स्थापना गर्ने व्यवस्था उल्लेख छ । संविधानले विपद् व्यवस्थापनसँग सम्बन्धित विषयलाई तीनवटै तहको साझा अधिकार क्षेत्रको रूपमा परिभाषित गर्दै देहायबमोजिम भूमिका र जिम्मेवारी बाँडफाँड गरेको छः

- भाग २८ धारा २६७ (४) अनुसार नेपाल सरकारले नेपाली सेनालाई सङ्घीय कानून बमोजिम विकास निर्माण र विपद् व्यवस्थापन लगायतका कार्यमा समेत परिचालन गर्न सक्नेछ ।
- भाग ३० धारा २७३ को उपधारा (१)मा अन्य विषयसँगै प्राकृतिक विपद् वा महामारीका कारण गम्भीर सङ्कट उत्पन्न भएमा देशभर वा कुनै क्षेत्रमा राष्ट्रपतिले सङ्कटकालीन अवस्थाको घोषणा गर्ने उल्लेख छ।
- उपधारा (२) अनुसार कुनै प्रदेशमा प्राकृतिक विपद् वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा सम्बन्धित प्रदेश सरकारले नेपाल सरकार समक्ष प्रदेश वा प्रदेशको कुनै भागमा सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्नका लागि अनुरोध गर्न सक्ने व्यवस्था छ।
- अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकारको सूची १७ मा प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभसम्बन्धी कार्य गर्ने उल्लेख छ ।
- अनुसूची ८ मा स्थानीय सरकारको एकल अधिकारको सूची २० मा विपद् व्यवस्थापनका सबै कार्य गर्ने भूमिका दिइएको छ।
- अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारअन्तर्गत सूची ९ मा विपद् व्यवस्थापनका कार्यलाई साझा कार्यको रूपमा परिभाषित गरिएको छ ।
- संविधानमा राज्यका नीतिहरू अन्तरगत धारा ५१ (छ) ४ र ९ मा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनःस्थापना गर्ने सुनिश्चित गरेको छ ।

## २.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४:

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सङ्घीय संसदबाट २०७४ साल असोजमा पारित भई राष्ट्रपतिबाट २०७४ कार्तिक ५ गते प्रमाणीकरण भएपछि दैवी प्रकोप उद्धार ऐन, २०३९ विस्थापित भयो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनलाई सङ्घीय संरचनाअनुरुप थप प्रभावकारी बनाउन २०७५ सालमा पहिलो संशोधन भयो । संविधानमा भएको व्यवस्था, मुलुकको सङ्घीय संरचना, सेण्डाइ कार्यढाँचा २०१५-२०३०, गोरखा भूकम्प २०७२, विनाशकारी बाढी २०७४ लगायतका घटनाबाट भएको सिकाइ र नेपालले अन्तर्राष्ट्रिय जगतमा गरेको

प्रतिबद्धतालाई आत्मसात गर्दै ऐनले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका सबै पक्षलाई समेटेको छ । ऐनका आधारभूत पक्ष देहायअनुसार रहेका छन्ः

(क) **गतिशीलताः** आपत्कालीन समयमा तीनवटै सरकार स्वःस्फूर्त रूपमा क्रियाशील हुने र विकास योजनामै जोखिम न्यूनीकरणका कार्यलाई तीनवटै सरकारले अवलम्बन गर्नु पर्ने कुरा सुनिश्चित गरेको छ ।

(ख) **संस्थागत र समितिगत स्वरूपः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद र प्रदेश परिषद् र तीनवटै सरकारमा तहगत समितिको क्रियाशीलता, विशेषज्ञ समितिको प्रावधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना हुने व्यवस्थाले विपद् व्यवस्थापनका लागि समिति र संस्थागत दुवै स्वरूपबाट काम हुने व्यवस्था छ ।

(ग) **कोषको व्यवस्थाः** सरकारका तीनवटै तहमा विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालन हुनेछ ।

(घ) **समयानुकूलः** ऐनले विपद्को परिभाषालाई विस्तृत रूप प्रदान गरेको छ । यसले विपद्लाई प्राकृतिक र गैरप्राकृतिक विपद्को रूपमा वर्गीकरण गरेको छ भने जोखिम हस्तान्तरणका विधिलाई प्राथमिकता दिँदै उत्थानशील समाजको विकासका निमित्त उपायहरू अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

(ङ) **जिम्मेवारीः** विपद्का समयमा सुरक्षा निकाय स्वतः परिचालित हुनुपर्ने व्यवस्था छ भने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नागरिक समाज, सार्वजनिक तथा निजी संस्था, व्यवसायिक प्रतिष्ठान, व्यक्तिको भूमिका तथा कर्तव्य तोकेको छ । विपद्सम्बन्धी कार्यमा योगदान गर्नेलाई पुरस्कार र कसुर गर्नेलाई दण्डको व्यवस्था समेत गरेको छ ।

(च) **सुधारका मार्गः** ऐनले आवश्यक पर्ने नियम, निर्देशिका, मापदण्ड, कार्यक्रम तथा योजना बनाउन र सबै तहका सरकारलाई मार्ग प्रशस्त गरेको छ ।

(छ) विपद् जोखिम व्यवस्थापनका लागि आर्थिक तथा प्राविधिक सहयोग आदान प्रदान गर्न अन्तर्राष्ट्रिय तहमा समेत समन्वय गर्ने वातावरण प्रदान गरेको छ ।

## २.३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको काम, कर्तव्य र अधिकार अन्तर्गत विपद् व्यवस्थापन र सोसँग सम्बन्धित विषयलाई देहायबमोजिम व्यवस्था गरेको छः

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ राष्ट्रिय (६)(छ) भवन संहिता तथा मापदण्डबमोजिम अनुमति प्रदान गर्ने र अनुगमन गर्ने भूमिका र जिम्मेवारी दिएको छ।

(ख) परिच्छेद ३ को दफा ११ (झ)मा आधारभूत स्वास्थ्य र सरसफाइका कार्य गर्ने जिम्मेवारी दिएको छ ।

(ग) ऐनको परिच्छेद ३ को दफा ११ (न)मा विपद् व्यवस्थापनका लागि स्थानीय तहको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुने व्यवस्था गरेको छः

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।

(२) स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गर्ने ।

(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन गर्ने।

(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण गर्ने ।

(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने।

(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गर्ने।

(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।

(८) विपद् पश्चात स्थानीयस्तरको पुन:स्थापन र पुनर्निर्माण गर्ने ।

(९) स्थानीय स्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान गर्ने।

(१०) स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने ।

(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

(घ) ऐनको दफा ११(प) मा विपद् व्यवस्थापनसँग सम्बन्धित विषयका जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षणसम्बन्धमा स्थानीय तहको काम, कर्तव्य तथा अधिकार निम्नअनुसार व्यवस्था भएको छः

(१) जलाधार, वन्यजन्तु, खानी तथा खनिजपदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र अनुगमन गर्ने ।

(२) पानीको मुहान संरक्षण गर्ने ।

(३) सामुदायिक भू-संरक्षण र सोमा आधारित आयआर्जन कार्यक्रम गर्ने ।

(४) भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन गर्ने ।

(५) खानी तथा खनिज पदार्थसम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने ।

(६) बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्बर्द्धनमा सहयोग गर्ने ।

(७) ढुङ्गा, गिट्टी, बालुवा, नून, माटो, खरीढुङ्गा तथा स्लेटजस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुगमन, नवीकरण, खारेजी र व्यवस्थापन गर्ने ।

(८) भौगर्भिक नक्सा प्रकाशन गर्ने ।

## २.४. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ स्वीकृत गरेको छ । विशेषगरी विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा, दिगो विकासका लक्ष्यहरू, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौतालगायतका अन्तर्राष्ट्रिय सम्झौता तथा विश्वमञ्चमा नेपालले गरेको प्रतिबद्धताका साथै राष्ट्रिय आवश्यकता अनुरुप नीति निर्माण भएको छ । यसले मुलुकलाई विपदबाट उत्थानशील बनाउने दृष्टिकोणसहित विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउन े विश्वास लिएको छ।

विपद् जोखिम न्यूनीकरण नीति, २०७५ मूलतः संविधानले निर्दिष्ट गरेबमोजिम विपद् जोखिम न्यूनीकरण, रोकथाम तथा व्यवस्थापनमा तीनवटै सरकारबीच समन्वय, सहकार्य, विपद् सुशासन र समावेशीकरण, जोखिम संवेदनशील विकास, स्थानीय विशेषता अनुरुप विज्ञान, प्रविधि तथा स्रोत, ज्ञान र सीपको उपयोग, वित्तीय लगानी, पुनर्लाभ पुनः स्थापनमा अझ बलियो र अझ राम्रो निर्माणको सिद्धान्तमा आधारित रहेको छ ।

## २.५. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना

विपद् जोखिम न्यूनीकरण नीतिले तय गरेका उद्देश्य पूरा गर्न नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनितिक कार्ययोजना सन् २०१८-२०३० तर्जुमा गरेको छ। यो रणनीतिक कार्ययोजना विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा २०१५-२०३०, एशियाली मन्त्री स्तरीय सम्मेलन २०१६ बाट पारित क्षेत्रीय योजना, विपद् जोखिम न्यूनीकरण विश्वव्यापी कार्यमञ्चको पाँचौं बैठकले पारित गरेको कानकुन घोषणालगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप तर्जुमा भएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी राज्यको हुने, सङ्घ, प्रदेश र स्थानीय तह, नागरिक समाज, सरोकारवाला सङ्घ संस्थाहरू, समुदाय, अन्तर्राष्ट्रिय संघसस्थाहरूको सहभागिता र सहयोगमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको काम गर्ने गरी कार्ययोजना तयार भएको छ। रणनीतिक कार्ययोजनाले विपद् जोखिम व्यवस्थापनका कार्य गर्दा व्यक्तिको जीवन र सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन एवं उत्पादनका साधन र सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्ने कार्यलाई प्राथमिकता दिएको छ । त्यसैगरी, विपद् प्रभावितको मानव अधिकार र विकासको अधिकारलाई प्रवर्द्धन गर्ने, विपद् जोखिम व्यवस्थापनको काम समाजका सबै पक्ष र

क्षेत्रको सहभागिता तथा साझेदारीमा गरिने, प्रभावित र सिमान्तीकृत समुदायको शसक्तिकरण गर्दै समावेशी, सहभागितामूलक रूपमा कार्य गर्ने सुनिश्चितता रणानीतिमा गरिएको छ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाले विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुऱ्याउन सेन्दाई कार्यढाँचाले लिएको चारओटा प्राथमिकता प्राप्त क्षेत्रहरूमा अठार ओटा रणनीतिक कार्यहरू निर्धारण गरेको छ । हरेक रणनीतिक कार्यहरूलाई अल्पकालीन, मध्यकालीन, दीर्घकालीन निरन्तर गरिने गरी क्रियाकलापहरू पहिचान गरिएका छन् ।

## २.६. प्रदेश विपद् व्यवस्थापन ऐन,२०७५

प्रदेश नं १ भित्रका विपद व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न नेपाल सरकारले जारी गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ का आधारमा प्रदेश नं १ का सबै जिल्ला र स्थानीय तहमा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि विपद पूर्व, विपदको समयमा एवं विपद पश्चातको अवस्थामा प्रदेश सरकारले निर्वाह गर्नुपर्ने भूमिका एवं जिम्मेवारी समेत निर्धारण गरी प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ (पहिलो संसोधन २०७६) जारी गरेको छ ।

## २.७. विपद् जोखिम व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था

जलवायु परिवर्तन नीति, २०७६, कृषि नीति, २०७१, राष्ट्रिय औद्योगिक नीति, २०६७ भू तथा जलाधार संरक्षण ऐन, २०३९, सडक सुरक्षा कार्ययोजना, लगायतका नीति र ऐनले विपद् जोखिम न्यूनीकरणका कार्यलाई कुनै न कुनै रूपमा सम्बोधन गरेका छन् । यस रणनीतिको कार्यान्वयनका लागि मौजुदा नीति र कानूनले समेत योगदान गरेका छन् ।

विपद् जोखिम व्यवस्थापनका कार्यलाई व्यवस्थित गर्न अन्य केही नियमावली र निर्देशिकाहरू पनि बनेका छन् । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (पहिलो संशोधन २०७६), प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०७६, विपद् पीडित पूनर्वास सञ्चालन कार्यविधि, २०७१, प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३, विपद् पश्चातको शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८, काठमाडौं उपत्यकामा ८३ वटा खुल्ला क्षेत्र कायम गर्ने नेपाल सरकारको निर्णय, २०६९ र बारूणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०६७ प्रमुख दस्तावेज हुन् ।

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ ले बाढी, पहिरोजस्ता पानीका कारण उत्पन्न प्रकोपहरूको संरचनागत तथा गैह्रसंरचनागत प्रविधिबाट रोकथाम गरी त्यसबाट हुन सक्ने जनधनको

क्षति न्यूनीकरण गर्न र नदी, जलाधार क्षेत्र तथा जलजन्य पर्यावरणको संरक्षण गरी प्राकृतिक श्रोत साधन एवं खानेपानी, जल परिवहन, सिँचाई, स्थल यातायात लगायतका पूर्वाधारका उपयोगितालाई दिगो बनाउन विभिन्न नीतिहरू प्रस्तुत गरेको छ ।

राष्ट्रिय शहरी विकास रणनीति, २०७३ ले सन्तुलित र समृद्ध शहरी भविष्यको लागि उत्थानशीलतालाई पाँच मार्गदर्शक सिद्धान्तहरू मध्ये एक मानेको छ । यस रणनीतिले विपद् जोखिम अनुकूलित शहर र समुदाय निर्माणका लागि उत्थानशीलतालाई शहरी प्रणाली र समुदायको योजना निर्माण तथा विकासमा एकीकृत गर्न जोड दिएको छ ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७१ ले जलवायु परिवर्तनबाट पर्ने स्वास्थ्य सम्बन्धी नकारात्मक असरको व्यवस्थापन गर्न राष्ट्रिय सञ्जाल तथा संयन्त्र एवं अवसरको समुचित प्रयोग गर्दै बहुपक्षीय कार्ययोजना बनाई सरोकारवाला निकायसँग सहकार्य गर्ने एवं पशुपंक्षी तथा कीटहरूबाट मानिसमा सर्ने रोगहरूको व्यवस्थापनका लागि सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय र सहकार्यको समुचित व्यवस्था गर्ने नीति तय गरेको छ ।

राष्ट्रिय पुनर्निर्माण तथा पुनःस्थापना नीति, २०७२ ले विपद्पछिको पुनर्लाभ, पुनर्निर्माण र पुनःस्थापनका कार्यको लागि नीतिगत मार्गदर्शन गर्दछ । २०७२ साल वैशाखको भूकम्पबाट क्षति भएका भौतिक संरचनाहरू र बस्तीहरू पुनर्निर्माण गर्न, पुनर्निर्माण तथा पुनःस्थापनाका कार्यक्रमको कार्यान्वयन योजना निर्माण र समन्वय गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना भएको छ ।

सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्र संघका १९३ सदस्य राष्ट्रहरूले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्यहरू पारित गरेका छन् । नेपाल सरकारले देशको समावेशी दीर्घकालीन विकासका लागि उक्त लक्ष्यहरूलाई आत्मासात गरेको छ । विपद् जोखिम न्यूनीकरणका कार्यहरूले दिगो विकास लक्ष्यहरू २, ३, ६, ९, ११, १३ र १५ हासिल गर्न प्रत्यक्ष सहयोगी हुनेछन् ।

नेपाल सङ्घीय संरचनामा गएपछि संघीय सरकारले अवलम्बन गरेका उल्लिखित नीतिअनुरुप प्रदेश र स्थानीय सरकारले विकासका कार्यक्रम सञ्चालन गर्ने र त्यसका लागि आवश्यक पर्ने नीति, नियम, रणनीति, कार्यनीति, मार्गदर्शन, कार्यक्रम तथा योजना तयार गरी उत्थानशील र दिगो विकासमा योगदान गर्नु आवश्यक छ । यही दृष्टिकोण र अवधारणाअनुरुप प्रदेश सरकारले यो विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना तर्जुमा गरेको छ ।

## २.८. विपद् व्यवस्थापनका लागि प्रदेशबाट भएका कार्य

प्रदेशले विपद् व्यवस्थापनका क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । प्रदेश सरकार गठन भएको छोटो समयमा नै विपद् व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७५ जारी भयो । यसका साथै प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना, प्रदेश भण्डारगृह स्थापना, स्थानीय तहमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापनाका लागि सहयोग, विपद् व्यवस्थापन कोष स्थापना र यी कार्यका लागि आवश्यक पर्ने कार्यविधि तयारी लगायतका महत्वपूर्ण कामहरु भएका छन् । प्रदेश सरकारले नदी नियन्त्रण, वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, भौतिक पूर्वाधारलगायतका क्षेत्रमा जोखिम न्यूनीकरणका निमित्त बजेट विनियोजन गरेको छ। प्रदेशले विपद् व्यवस्थापनमा गर्दै आएका कार्यहरु देहाय अनुसार रहेको छ ।

(क) विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालन

(ख) महाशाखा प्रमुखको अध्यक्षतामा सबै मन्त्रालयका विपद् सम्पर्क व्यक्ति र सरोकारवालाको मासिक बैठक सञ्चालन ।

(ग) मूख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रहरुको स्थापना तथा संचालन।

(घ) सुरक्षा निकायहरुलाई खोज तथा उद्धार सामग्री हस्तान्तरण ।

(ङ) जिल्ला र स्थानीय तहमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना तथा सञ्चालन सहयोग ।

(च) जिल्ला र स्थानीय तहका सरोकारवालालाई विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण।

(छ) सुख्खा खडेरी, बाढी, पहिरो, आगलागीलगायतका विपदबाट प्रभावित समुदायलाई मानवीय सहयोग।

(ज) सडक दुर्घटना न्यूनीकरण एवं सुरक्षित यात्राका लागि सडक सुशासन कार्यक्रम ।

(झ) युवा विपद् व्यवस्थापन समूह गठन, सगरमाथा टिन्स क्लब गठन र "म अघि बढ्छु" कार्यक्रम सञ्चालन ।

यसरी प्रदेशले विपद् व्यवस्थापनका क्षेत्रमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

# अध्याय ३: प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना

## ३.१. परिचय

प्रदेशमा विपद् र जलवायुजन्य जोखिम कम गर्दै उत्थानशील समाजको निर्माणद्वारा दिगो विकास लक्ष्य हासिल गर्न तयार गरिएको दस्तावेज नै प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना हो। विपद् उत्थानशीलता अभिवृद्धिका लागि विकासका विषयगत क्षेत्रमा भइरहेको जोखिम घटाउनु र नयाँ जोखिम उत्पन्न हुन नदिनु जरुरी छ । यस कार्ययोजनाले मूलतः "प्राकृतिक र मानवीय कारणले उत्पन्न हुने विपद् जोखिम न्यूनीकरण" का कार्यलाई केन्द्रमा राखेर विपद् उत्थानशीलता अभिवृद्धिमा जोड दिएको छ, जसले "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउनेछ।

विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना तर्जुमा गर्दा विपद् व्यवस्थापन ऐन, २०७५ (पहिलो संशोधन,२०७६) द्वारा गरिएका कानूनी व्यवस्था, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८-३० लाई मार्गदर्शनका रूपमा लिइएको छ । कार्ययोजना तर्जुमाको क्रममा स्थानीय तहका निर्वाचित प्रतिनिधि, प्रशासनिक प्रतिनिधि, जिल्ला तहका सरोकारवाला समेतको सहभागितामा प्रदेशका सबै जिल्लामा आयोजना भएका परामर्श कार्यशालाबाट प्राप्त सुझावलाई यस कार्ययोजनामा सम्बोधन गरिएको छ ।

## ३.२. कार्ययोजना तर्जुमा प्रक्रिया

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि यसअघि प्राप्त भएका उपलब्धिलाई आत्मसात गर्दै प्रदेशको विपद् उत्थानशीलता अभिवृद्धिमार्फत् विकास निर्माणमा हुने लगानीको प्रतिफल सुनिश्चित गर्न यस रणनीतिक कार्ययोजना तर्जुमा गरिएको छ । यस कार्ययोजनाले विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका लागि विकास योजना तर्जुमा गर्दा जोखिम संवेदनशील कार्यहरू पहिचान गरी प्रदेश र स्थानीय तहको विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्न सबै सरोकारवालाको सक्रिय सहभागिताको अपेक्षा राखेको छ । सबै तह र वर्गको स्वामित्व एवं सहभागितासहित कार्यान्वयनको सुनिश्चतताका लागि प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना तर्जुमा गर्दा निम्न विधि अवलम्बन गरिएको छः

(क) **व्यवस्थापन समितिको गठनः** प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना तर्जुमाका लागि माननीय मुख्यमन्त्रीको अध्यक्षतामा रहेको प्रदेश विपद् व्यवस्थापन परिषद र आन्तरिक मामीला तथा कानून मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा रहेको विपद् व्यवस्थापन कार्यकारी समितिबाट निर्णय भएअनुसार विपद् सम्पर्क व्यक्तिको समूहको निर्णयबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयका प्रशासन योजना तथा विपद् व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा १९ सदस्यीय कार्यसमिति गठन भयो। प्रदेश विपद् व्यवस्थापन नीति र विपद् व्यवस्थापन प्रादेशिक रणनितिक कार्ययोजना तयार गर्न गठन भएको यस समितिमा प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषद

सचिवालयसहित सबै मन्त्रालयका प्रतिनिधि, प्रदेश योजना आयोगका प्रतिनिधि, प्रदेश तहमा कार्यरत विकास साझेदारका प्रतिनिधि, संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमका प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी, सञ्चारमाध्यम र निजी क्षेत्रको प्रतिनिधित्व थियो ।

(ख) **प्राविधिक सहयोगः**

यस रणनीतिक कार्ययोजना तयारीका लागि प्रदेशस्तरीय र जिल्लास्तरीय परामर्श कार्यशाला सञ्चालन गर्न प्रदेशमा कार्यरत विकास साझेदारको समेत सहयोगमा सम्पन्न गरियो। रणनीतिक कार्ययोजनाको लेखन र सहजीकरणका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम नेपालले प्राविधिक सहयोग उपलब्ध भएको छ। समग्रमा रणनीतिक कार्ययोजनाको तयारीका लागि सबै पक्षको सहभागिता र सहयोग रहेको छ ।

(ग) **प्रदेशस्तरीय कार्यशाला:**

**प्रारम्भिक कार्यशालाः** प्रदेश विपद् व्यवस्थापन नीति, रणनीतिक कार्ययोजना, विपद् प्रतिकार्य ढाँचा र विकास योजनामा विपद् प्रभाव मूल्याङ्कन मार्गदर्शनसमेत चारओटा दस्तावेज तयार गर्ने निर्णयका लागि २०७५ साल पुष २३ गते माननीय मूख्य मन्त्रीको प्रमुख आतिथ्य तथा माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीको अध्यक्षतामा प्रारम्भिक कार्यशालाको आयोजना गरियो । प्रदेश सरकारका सबै मन्त्रालयका सचिव, प्रदेश सभाषद, सुरक्षा निकायका प्रतिनिधि, विपद् सम्पर्क व्यक्ति, निजी क्षेत्र, विकास साझेदारका प्रतिनिधिलगायतका बहुसरोकारवालाको उपस्थितिमा भएको कार्यशालाले उल्लिखित दस्तावेज तर्जुमाको नेतृत्व आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई दिइयो ।

**मध्यावधि कार्यशालाः** दस्तावेज तर्जुमाका लागि निर्धारित प्रक्रिया पूरा गर्दै प्रदेश विपद् व्यवस्थापन नीति र प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरी २०७६ कार्तिक ८ गते आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा दोस्रो प्रदेश स्तरीय कार्यशाला आयोजना गरियो । प्रदेश सरकारका उच्च पदस्थ अधिकारीको उपस्थितिमा सम्पन्न कार्यशालाबाट प्रारम्भिक मस्यौदामाथि गहन छलफल गरी पृष्ठपोषण लिने कार्य सम्पन्न गरियो ।

**अन्तिम कार्यशालाः** विश्वव्यापी महामारी कोभिड-१९का कारण माथि उल्लिखित दस्तावेजहरुलाई अन्तिमरुप दिन नसकिएकोले २०७८ श्रावण २९ गते आन्तरिक मामिला तथा कानून मन्त्रालयका मन्त्रीको अध्यक्षतामा प्रमुख सचिव लगायत प्रदेश मन्त्रालयमका सचिवहरु र सुरक्षा निकायका प्रमुखहरुको उपस्थितिमा तेस्रो प्रदेशस्तरीय कार्यशाला आयोजना भयो । उक्त कार्यशालाबाट मस्यौदा उपर गहन छलफल गरी थप पृष्ठपोषण लिने कार्य सम्पन्न भयो ।

(घ) **विषयगत क्षेत्रसँग परामर्शः** कार्ययोजनाको तयारीका लागि विषयगत विषयलाई समेट्ने लक्ष्यसाथ देहायका ५ ओटा विषयगत क्षेत्र पहिचान गरिएको थियो ।

१. उत्पादनमूलक क्षेत्र (कृषि, खाद्यसुरक्षा, जीविकोपार्जन, उद्योग र पर्यटन)

२. सामाजिक विकास क्षेत्र (शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन, सुशासन र सामाजिक समावेशीकरण)

३. भौतिक पूर्वाधार क्षेत्र (सहरी विकास, आवास, यातायात, ऊर्जा र सिँचाइ तथा सबै क्षेत्रका भौतिक संरचना वा पूर्वाधार)

४. प्राकृतिक स्रोत तथा वातावरण क्षेत्र (वन, वातावरण, जैविक विविधता र जलवायु परिवर्तन अनुकूलन)

५. पूर्वतयारी क्षेत्र (आपत्कालीन प्रतिकार्य र "अझ बलियो र अझ राम्रो" निर्माणका लागि पूर्वतयारी)

यि विषगत क्षेत्रभित्र सामाजिक समावेशीकरणलाई प्राथमिकताका साथ समावेश गर्ने निर्णय गरियो । सबै विषयगत क्षेत्रमा आयोजना भएका परामर्श कार्यशालामा सम्बन्धित मन्त्रालय र विकास साझेदार, निजी क्षेत्र, सञ्चार माध्यमलगायतका प्रतिनिधिको उपस्थिति रह्यो । यी विषयगत समितिमा रणनीतिको आवश्यकता, महत्व र राष्ट्रिय प्राथमिकताका क्षेत्रअनुरुप रणनीतिक कार्य र रणनीतिक क्रियाकलाप पहिचानका लागि विस्तृत छलफल गरी सुझाव प्राप्त गरियो।

(ङ) **स्थानीय तहसँग परामर्श कार्यशालाः** विपद् व्यवस्थापन रणनीतिक कार्ययोजनासहित निर्धारित दस्तावेज तर्जुमाका लागि प्रदेशका १४ ओटा जिल्लामा स्थानीय तहका प्रमुख तथा प्रतिनिधि र जिल्लास्थित सरोकारवालासँग परामर्श गरी प्रदेश विपद् व्यवस्थापन दस्तावेजले सम्बोधन गर्नु पर्ने विषयमा परामर्श गरियो । हरेक परामर्शमा पाँचओटा विषयगत क्षेत्रका आधारमा समूहगत छलफल चलाएर परामर्श लिने कार्य गरियो । परामर्शबाट प्राप्त सुझाव र सल्लाहसमेतका आधारमा यो रणनीतिक कार्ययोजना तर्जुमा गरियो ।

(च) **लिखित पृष्ठपोषणः** विभिन्न तहमा छलफल र सुझाव प्राप्त गरी तयार गरिएको रणनीतिक कार्ययोजनालाई अन्तिम रूप दिनुपहिले प्रदेश सरकारका सबै मन्त्रालय, सुरक्षा निकाय, जिल्ला समन्वय समिति, स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिहरूलाई विद्युतीय माध्यमबाट सम्प्रेषण गरी लिखित पृष्ठपोषण लिने कार्य गरियो ।

(छ) **नियमित बैठकः** प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना तर्जुमाका लागि महाशाखा प्रमुखको संयोजकत्वमा गठित समिति र विपद् सम्पर्क व्यक्तिको नियमित बैठकमा निरन्तर छलफल गरियो । छलफलमा जिल्ला स्तरका कार्यशाला र विषयगत क्षेत्रबाट प्राप्त सुझावमाथि छलफल गरी प्राथमिकता प्राप्त क्रियाकलाप र रणनीतिक कार्ययोजनाका क्रियाकलाप पहिचान गरी कार्ययोजना तयार गरियो । सरोकारवालाहरूसँगको परामर्श, कार्यशाला गोष्ठीहरू र नियमित बैठकबाट सरोकारवालाहरूको सुझाव र सिफारिसलाई समेटेर तयार गरिएको मस्यौदामाथि विभिन्न चरण र तहमा व्यापक छलफल गरी सबैको राय, परामर्श, सल्लाह र सुझावका आधारमा यस रणनीतिक कार्ययोजनाको मस्यौदालाई अन्तिम रूप दिइएको छ ।

(ज) **स्वीकृति:** निर्धारित सबै प्रक्रिया पूरा गरेर प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजनाको अन्तिम मस्यौदामा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति, प्रदेश विपद् व्यवस्थापन परिषदको सिफारिस सहित प्रदेश सरकार (मन्त्रिपरिषद्)ले स्वीकृत गरी कार्यान्वयनमा ल्याएको।

## ३.३. मार्गदर्शक सिद्धान्त

प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि देहाय बमोजिमका मार्गदर्शनहरु अवलम्बन गरिएकाछन्:-

३.३.१. प्रदेशमा विपद् व्यवस्थापनका सबै पक्षमा सहजीकरण, नियन्त्रण तथा व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी प्रदेश सरकारको हुनेछ । जिम्मेवारी पूरा गर्न प्रदेश सरकारले सुदृढ संस्थागत व्यवस्था गर्नेछ । आवश्यक परेमा संघीय सरकारसँग अनुमति लिएर अन्तरप्रदेश, अन्तर्राष्ट्रिय, क्षेत्रीय र द्विपक्षीय सहकार्य तथा साझेदारी अभिवृद्धि गर्नेछ,

३.३.२ प्रदेश सरकारले केन्द्र र स्थानीय तह, सरोकारवाला सङ्घसंस्था, समुदाय, निजी क्षेत्र, नागरिक समाजलगायतको सहभागिता र साझेदारीमा विपद् जोखिम हस्तान्तरणका विधि कार्यान्वयन गर्नेछ,

३.३.३ विपद् उत्थानशीलता अभिवृद्धि र आपत्कालीन प्रतिकार्यका क्रममा व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन र उत्पादनका साधनहरू, सांस्कृतिक तथा वातावरणीय सम्पदा एवं मानव अधिकारको संरक्षण हुनेछ,

३.३.४ विपदबाट प्रभावित समुदायको उत्थानशीलता बढाएर विपद्को सामना गर्ने क्षमताको विकास र अपत्कालीन प्रतिकार्यमा खासगरी बृद्ध-वृद्धा, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, अल्पसङ्ख्यक र सीमान्तीकृत समुदायलाई प्राथमिकता दिइनेछ,

३.३.५ विपद् उत्थानशीलता अभिवृद्धि तथा विपद् प्रतिकार्यमा भूगोल, लिङ्ग, उमेर, जात तथा कुनै आस्थाका आधारमा हुनसक्ने भेदभावलाई निरुत्साहन गरिनेछ,

३.३.६ प्रदेश तथा स्थानीय तहका सबै सरोकारवाला निकायको पूर्ण सहभागिता, सार्वजनिक तथा निजी क्षेत्रका सरोकारवालाहरूको भूमिका, जवाफदेहिता र जिम्मेवारी पहिचान गरी साझेदारीको प्रवर्द्धन गरिनेछ,

३.३.७ स्थानीय तह तथा समुदायलाई विपद् उत्थानशीलता बढाउन आवश्यक पर्ने प्राविधिक तथा अन्य सहयोग परिचालन गरिनेछ,

३.३.८ विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन सुरक्षा निकायको क्षमता अभिवृद्धि गरिनेछ,

३.३.९ विपद्पछिको पुनर्लाभ, पुनर्निर्माण, पुनःस्थापनमा "अझ बलियो र अझ राम्रो" अवधारणाको कार्यान्वयन ।

## ३.४. दीर्घकालीन सोच, अपेक्षित परिणाम, लक्ष्य, उद्देश्य

(क) **दीर्घकालीन सोचः**

विपद् तथा जलवायुजन्य जोखिमबाट सुरक्षित र उत्थानशील प्रदेश ।

(ख) **ध्येय:**

विकासका विषयगत क्षेत्रमा विपद्‌को प्रभाव न्यून गरी उत्थानशीलता अभिवृद्धि गर्दै विपद् र जलवायु परिवर्तनको जोखिमबाट सुरक्षित र समृद्ध प्रदेशको विकास गर्नु ।

(ग) **उद्देश्य:**

(१) प्राकृतिक, गैह्रप्राकृतिक र जलवायु परिवर्तनका कारणबाट उत्पन्न विपद्‌को जोखिम न्यूनीकरण गरी विपद् उत्थानशील प्रदेशको निर्माण गर्नु,

(२) नियमित विकास योजना तर्जुमा तथा कार्यान्वयनमा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्नु,

(३) मानव जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधन, भौतिक पूर्वाधार, सामाजिक, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षति कम गर्नु,

(४) प्रभावकारी प्रतिकार्य र पुनःस्थापनामा "अझ बलियो र अझ राम्रो" निर्माणका लागि पूर्वतयारीलाई सुदृढ बनाउनु ।

(घ) **अपेक्षित परिणामः**

(१) नियमित विकास योजनामा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन मूलप्रवाहीकरण भएर विपद् उत्थानशील प्रदेशको विकास भएको हुनेछ ।

(२) विपद् जोखिम न्यूनीकरणका माध्यमबाट उत्थानशीलता अभिवृद्धि भई विषयगत क्षेत्रको विकासमा हुने नोक्सानी तथा क्षति र मानवीय मृत्यु तथा प्रभावित व्यक्तिहरूको सङ्ख्यामा उल्लेख्य रूपले कमी आएको हुनेछ ।

(३) निजी तथा सार्वजनिक लगानी र सम्पत्ति, जीविकोपार्जनका साधन, स्वास्थ्य, शिक्षाजस्ता आधारभूत क्षेत्रमा जोखिम न्यूनीकरण भएको हुनेछ ।

## ३.५. लक्ष्य प्रक्षेपण

विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण गरी मानवीय मृत्यु, प्रभावित हुने मानिसको सङ्ख्या र जीवन निर्वाहका साधन, स्वास्थ्य, शिक्षालगायतका आधारभूत सेवाप्रदायक क्षेत्रमा हुने क्षति तथा नोक्सान कम गरी उत्थानशीलता बढाउनु ।

प्रदेश सरकारले विपद्‌का कारण हुने क्षतिलाई घटाएर विपद् उत्थानशील प्रदेशको निर्माणका लागि देहायअनुसार लक्ष्य निर्धारण गरेको छः

| क्र.स. | सुचक | आधार रेखा २०७८ सम्मको | अल्पकालीन २०७९ सम्मको | मध्यमकालीन २०८२ सम्मको | दिर्घकालीन २०८७ सम्मको |
|---|---|---|---|---|---|
| १) प्रदेश स्तरमा विपदबाट हुने मृत्यु दर उल्लेख्य मात्रामा कम गर्ने | | | | | |
| १.१ | विपद बाट मृत्यु हुने बार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | ७९ | ६० | ४० | ३० |
| १.२ | सडक दुर्घटना बाट मृत्यु हुने बार्षिक औसत संख्या | ३८३ | ३५० | २६० | १३० |
| २) प्रदेश स्तरमा विपदबाट प्रभावित ब्यक्तिहरुको संख्या उल्लेख्य मात्रामा कम गर्ने | | | | | |
| २.१ | विपदबाट प्रत्यक्ष प्रभावित हुने परिवारहरुको बार्षिक औसत संख्या | ३,२४५ | २,५०० | २,००० | १,५०० |
| २.२ | विपदबाट घाइते हुने व्यक्तिहरुको बार्षिक औसत संख्या | १८५ | १६० | ११० | ९० |
| २.३ | सडक दुर्घटनाबाट घाईते हुने ब्यक्तिहरुको बार्षिक औसत संख्या | ३,१३४ | २५०० | १८०० | १५५० |
| २.४ | विपदबाट क्षतिहुने घरहरुको बार्षिक औसत संख्या | २,३४३ | २,००० | १,६०० | १,२५० |
| ३) प्रदेशको कुल गार्हस्थ उत्पादनमा विपदका कारण हुने प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्यरुपमा कम गर्ने | | | | | |
| ३.१ | प्रदेशको कुल गार्हस्थ उत्पादनमा विपद्का कारण हुने बार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति | ९० करोड | ६० करोड | ४० करोड | ३० करोड |
| ४) पूर्वाधार र आधारभूत सेवाहरूमा विपदले पुर्‍याउने क्षति र अवरोध उल्लेख्यरूपले कम गर्न उत्थानशीलता विकास गर्ने | | | | | |
| ४.१ | प्रदेश मातहतमा रहेका पुराना तथा जिर्ण अवस्था कार्यालयहरुको प्रवलीकरण तथा पुननिर्माण गर्ने | प्रदेश भौतिक योजना मन्त्रालय | २० प्रतिशत | ४० प्रतिशत | १०० प्रतिशत |
| ४.२ | पुराना तथा जिर्ण अवस्थामा रहेका कक्षा कोठा तथा विद्यालय भवनहरुको प्रवलीकरण तथा पुननिर्माण गर्ने | प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा शाखा | २० प्रतिशत | ४० प्रतिशत | १०० प्रतिशत |
| ४. ३ | स्थानीय तहको विपद् उत्थानशील क्षमता अभिबृद्धि गर्न मुख्यमन्त्री अत्यावश्यक सेवाकेन्द्रको विस्तार गर्ने | | १४ | १४ | १४ |
| ४.४ | हरेक स्थानीय तहहरुमा खुल्ला स्थान पहिचान गरी आधारभुत सुविधा सहितको सुरक्षित आश्रयस्थल निर्माण गर्ने | | ५० | ८० | १३७ |
| ४.५ | जोखिमयुक्त अवस्थामा रहेका खानेपानी आयोजनाहरुको मर्मत संभार तथा पुनर्निर्माण गरी नियमित गर्ने | | २० प्रतिशत | ४० प्रतिशत | ८० प्रतिशत |
| ४.६ | राष्ट्रिय भवन संहिताको कार्यान्वयन गर्ने | | १०० | १०० | १०० |
| ४. ७ | प्रदेशका सबै विमानस्थलहरुलाई | ११ वटा | ६० प्रतिशत | ८० प्रतिशत | १०० प्रतिशत |

| क्र.स. | सुचक | आधार रेखा २०७८ सम्मको | अल्पकालीन २०७९ सम्मको | मध्यमकालीन २०८२ सम्मको | दिर्घकालीन २०८७ सम्मको |
|---|---|---|---|---|---|
| | प्रवलीकरण तथा क्षमता विस्तार गर्ने | | | | |
| ४.८ | बाढीको जोखिम भएका नदीहरुमा जैविक तटवन्धन (bio –engineering) निर्माण गर्ने | | २० प्रतिशत | ४० प्रतिशत | ८० प्रतिशत |
| ४.९ | उच्च जोखिममा रहेका हिमतालहरुको अध्ययन अनुसन्धान तथा जोखिम न्यूनीकरण सम्बन्धी अध्ययन प्रतिवेदन तयार गर्ने | | १० | २० | ४२ |
| ४.१० | जलाधार संरक्षण एकिकृत योजना कार्यान्वयन गर्ने | | १०० | ३०० | ७०० |
| ४.११ | प्राचिन ताल, सिमसार, तथा पोखरीहरुको संरक्षण गर्ने | | १०० | २०० | ५०० |
| ४. १२ | जलवायु स्मार्ट कृषि क्षेत्रको विकास तथा विस्तार गर्ने | | २० | ५० | १०० |
| ५) प्रदेश र स्थानीय तहहरूमाविपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने | | | | | |
| ५. १ | विपद् जोखिम न्यूनीकरण रणनीति, योजना, कार्ययोजना तयार गर्ने प्रदेश र स्थानीय तहहरूको (प्रतिशत) | | ५० | ८० | १०० |
| ५. २ | संघ, प्रदेश र स्थानीय तहहरू र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्न संयन्त्र विकास गर्ने (प्रतिशत ) | | १०० | १०० | १०० |
| ५. ३ | पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणका **लागि अझ राम्रो र बलियो निर्माण** सिद्धान्तका आधारमा श्रोतहरू व्यवस्थापन र कार्यान्वयन गर्ने सरकारी निकायहरू (प्रतिशत) | | ५० | १०० | १०० |
| ६) बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि गर्ने | | | | | |
| ६. १ | प्रदेशका प्रमुख नदीहरुमा पूर्वसूचना प्रणालीको स्थापना र संचालन गर्ने | | ४० | ६० | १०० |
| ६. २ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको (प्रतिशत) | | ४० | ७० | १०० |
| ६. ३ | विपद् जोखिमयुक्त क्षेत्रहरुमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि तयार भएका स्थानीयतहहरूको (प्रतिशत) | | २५ | ५० | १०० |
| ६. ४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिम सम्बन्धी सूचना तथा | | २० | ५० | १०० |

| क्र.स. | सुचक | आधार रेखा २०७८ सम्मको | अल्पकालीन २०७९ सम्मको | मध्यमकालीन २०८२ सम्मको | दिर्घकालीन २०८७ सम्मको |
|---|---|---|---|---|---|
| | जानकारी एवं आंकलन समुदायलाई उपलब्ध गराउन सक्ने स्थानीय तहहरूको (प्रतिशत) | | | | |
| ६. ५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको (प्रतिशत) | | ५० | १०० | १०० |
| ६. ६ | सबै स्थानीय तहमा पूर्वतयारी र प्रतिकार्य योजना तयार गर्ने | | ५० | १०० | १०० |

उल्लिखित लक्ष्य प्राप्तिका लागि देहायबमोजिमका रणनीतिक क्षेत्र, रणनीतिक कार्य पहिचान गरिएका छन् । अध्याय ४ मा विस्तृत रणनीतिक कार्ययोजना प्रस्तुत गरिएको छ ।

**रणनीतिक क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि**

रणनीतिक कार्य १: बहुविपद् जोखिम नक्साङ्कन, लेखाजोखा र सम्प्रेषण
रणनीतिक कार्य २: विपद् जोखिमसम्बन्धी ज्ञानको अभिबृद्धि
रणनीतिक कार्य ३: विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र व्यवस्थापन
रणनीतिक कार्य ४: बहुप्रकोप जोखिम आँकलनका लागि अन्तरनिकाय समन्वय
रणनीतिक कार्य ५: विषयगत क्षेत्रको जोखिम न्यूनीकरणका लागि क्षमता अभिवृद्धि

**रणनीतिक क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण**

रणनीतिक कार्य ६: सशक्त नीतिगत व्यवस्था
रणनीतिक कार्य ७: संस्थागत विकास र एवं सुदृढीकरण
रणनीतिक कार्य ८: विपद् उत्थानशीलताका लागि सामाजिक समावेशीकरण
रणनीतिक कार्य ९: विपद् उत्थानशीलताका लागि सहकार्य र साझेदारी

**रणनीतिक क्षेत्र ३: विपद् उत्थानशीलता अभिवृद्धिका लागि सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन**

रणनीतिक कार्य १०: उत्थानशीलता अभिवृद्धिका लागि सरकारी लागानी प्रवर्द्धन
रणनीतिक कार्य ११: विपद् उत्थानशीलता अभिवृद्धिमा सार्वजनिक लगानी प्रवर्द्धन
रणनीतिक कार्य १२: विपद् उत्थानशीलताका लगि निजी लगानी प्रवर्द्धन
रणनीतिक कार्य १३: विपद् जोखिम हस्तान्तरण, बिमा तथा सामाजिक सुरक्षा
रणनीतिक कार्य १४: समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रम प्रवर्द्धन

**रणनीतिक क्षेत्र ४: विपद् प्रतिकार्य र पुनःस्थापनका लागि प्रभावकारी पूर्वतयारी**

रणनीतिक कार्य १५: प्रभावकारी प्रतिकार्यका लागि सशक्त विपद् पूर्वतयारी
रणनीतिक कार्य १६: बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तार
रणनीतिक कार्य १७: समन्वय, सूचना व्यवस्थापन र सम्प्रेषण
रणनीतिक कार्य १८: विपद् प्रतिकार्य क्षमता विकास
रणनीतिक कार्य १९: “अझ बलियो र अझ राम्रो ” निर्माण सहित पुनर्निर्माण र पुनःस्थापन

# अध्याय ४: रणनीतिक प्राथमिकता तथा कार्ययोजना

प्रदेशको विशिष्ट अवस्था, विपद्का प्रकार र त्यसको प्रभाव तथा जिल्ला स्तर र विषयगत समूहसँग गरिएका परामर्श कार्यशालाबाट प्राप्त सुझावलाई आधार मानेर रणनीतिक क्षेत्र, त्यसअन्तर्गत रणनीति र रणनीतिक क्रियाकलाप पहिचान गरिएका छन् । पहिचान रणनीतिक प्राथमिकता र कार्ययोजनालाई देहायअनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी तीन समयाअवधिमा सम्पन्न गर्नेगरी कायम गरिएको छ । यसका साथै कतिपय क्रियाकलाप नियमित रूपमा सञ्चालन गर्नेगरी राखिएको छ ।

| कार्यावधि | आर्थिक वर्ष | वर्ष (सन्) |
|---|---|---|
| अल्पकालीन | २०७८/०७९ देखि २०७९/८० | २०२१-२०२३ |
| मध्यकालीन | २०८०/८१ देखि २०८२/०८३ | २०२३-२०२६ |
| दीर्घकालीन/निरन्तर | २०७८/०७९ देखि २०८६/८७ | २०२१-२०३० |

उल्लिखत रणनीतिक क्षेत्रअनुसार रणनीतिक कार्य सम्पादनका लागि देहायअनुसार कार्ययोजना तयार गरिएका छन्:

## ४.१. रणनीतिक क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि

प्राकृतिक तथा गैरप्राकृतिक प्रकोप र जोखिमको अवस्था तथा यसका विविध आयामबारे प्रदेश तहका मन्त्रालय, सरोकारवाला निकाय र स्थानीय तहमा समेत जानकारी सम्प्रेषण गरी जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउन "विपद् जोखिमबारे बुझाइ अभिवृद्धि" लाई पहिलो रणनीतिक क्षेत्र निर्धारण गरिएको छ ।

प्रदेशमा हुने प्रकोपको प्रकार, प्रकृति, बारम्बारता तथा त्यसले विषयगत क्षेत्रमा पार्ने प्रभावको लेखाजोखा एवं नक्साङ्कनद्वारा पहिचान भएका नतिजालाई सङ्कटासन्न समूहसम्म सम्प्रेषण गरी सचेतना अभिवृद्धि मार्फत् जोखिम न्यूनीकरण गर्नु यस रणनीतिक क्षेत्रको उद्देश्य हो । विपद् जोखिमबारे सबै तहमा बुझाइ अभवृद्धि गरी विकासका सबै विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गर्दै उत्थानशील प्रदेशको विकासका लागि निम्न रणनीतिक कार्य पहिचान गरी रणनीतिक क्रियाकलापसहितको कार्ययोजना तयार गरिएको छ:

### ४.१.१ रणनीतिक कार्य १: बहुविपद् जोखिम नक्साङ्कन, लेखाजोखा र सम्प्रेषण

बहुप्रकोपमा आधारित वहुविपद् जोखिम पहिचान गरेर त्यसको नक्साङ्कन, लेखाजोखा गरी अभिलेखीकरण गर्दै सबै तह र वर्गमा प्रवाहका लागि प्रदेश सरकारले सरोकारवालासँग समेत समन्वय र सहकार्य गरी

देहायअनुसारका कार्यक्रम सञ्चालन गर्नेछ:

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **भूकम्पीय जोखिम नक्साङ्कन:** | पहिचान गरिएका | अल्पकालीन | आन्तरिक | • विजोन्यू तथा व्य |

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | विज्ञबाट भूकम्प उच्च जोखिम रहेका क्षेत्र र समुदायको पहिचान र जोखिम नक्साङ्कन गर्ने, गराउने | भूकम्पीय जोखिम क्षेत्रबारे समुदायले जानकारी पाएका हुनेछन् | | मामिला तथा कानून मन्त्रालय | प्राधिकरण<br>• वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय<br>• खानी तथा भूगर्भ विभाग |
| २. | **अन्य प्रकोपको लेखाजोखा र नक्साङ्कन:**<br>बाढी, पहिरो, चट्याङ, जनावर आतङ्क लगायतका विपद्जन्य घटना हुने सम्भावित क्षेत्रको छुट्टा छुट्टै जोखिम नक्साङ्कन गरी त्यसको जानकारी सबै तहमा सम्प्रेषण गर्ने, गराउने | प्राकृतिक र मानवीय कारणबाट उत्पन्न हुने विपद्जन्य जोखिमबारे समुदायले जानकारी पाएका हुनेछन् । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ३. | **सङ्कटासन्नता, क्षमता र जोखिम लेखाजोखा:**<br>समुदायमा आधारित विधि तथा औजारको प्रयोग गरी विपद्को सङ्कटासन्नता, क्षमता र जोखिम लेखाजोखा गर्ने, गराउने | प्रदेशका सबै समुदायको विपद् र जलवायुजन्य जोखिम लेखाजोखा भएको हुनेछ | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • विषयगत मन्त्रालय<br>• विकास साझेदार |
| ४. | **विपद् जोखिम संवेदनशील भूउपयोग योजना:**<br>बहुविपद् जोखिम न्यूनीकरण गर्न समेत उपयुक्त हुनेगरी जोखिम सम्वेदनशील भूउपयोग योजना तयार गर्ने, गराउने | जोखिम सम्बेदनशील भूउपयोग योजना तयार भएर सबै तहमा सम्प्रेषण भएको हुनेछ । | मध्यकालीन | • भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विकास साझेदार |
| ५. | **विकासका विषयगत क्षेत्रको जोखिम लेखाजोखा:**<br>कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योग, सञ्चार, भौतिक पूर्वाधार लगायतका विकासका | विकासका विषयगत क्षेत्रमा विपद् र त्यसको सम्भावित प्रभावबारे सबै तह र वर्गले जानकारी पाएका | मध्यकालीन र निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• स्थानीय सरकार<br>• प्राज्ञिक प्रतिष्ठान तथा |

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | विषयगत क्षेत्रको जोखिमको पहिचान र नक्साङ्कन गर्ने । | हुनेछन् । | | | विश्वविद्यालयहरू विकास साझेदार |
| ६. | **वन, वातावरण र जलाधार क्षेत्रको जोखिम पहिचान:** जलाधार क्षेत्र, वन, वातावरण र जैविक विविधतामा विपद् तथा जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम र प्रभावको नक्साङ्कन गर्ने । | वन, वातावरण तथा जैविक विविधताको क्षेत्रमा रहेको जोखिमबारे सरोकारवालाहरू जानकार भएका हुनेछन् । | अल्पकालीन र निरन्तर | वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह |
| ७. | **जलवायु परिवर्तनको प्रभाव लेखाजोखा:** जलवायु परिवर्तनबाट उत्पन्न विपद् जोखिमको पहिचान र नक्साङकन गर्ने र सूचना सम्प्रेषण गर्ने | जलवायुजन्य जोखिमबारे सबै तह, समुदाय र वर्गले जानकारी पाएका हुनेछन् । | निरन्तर | वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सरोकारवाला निकायहरू |
| ८. | **हिमतालको जोखिम पहिचान:** हिमतालहरूमा भइरहेको विस्तार र विष्फोटनबाट उत्पन्न हुनसक्ने जोखिमको अनुसन्धान र नक्साङ्कन गरी जानकारी प्रवाह गर्ने । | हिमतालको विस्तार र विष्फोटनबाट उत्पन्न जोखिमबारे जानकारी उपलब्ध भएको हुनेछन् । | मध्यकालीन | वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | • संघीय सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ९. | **स्थानीय, राष्ट्रिय र विश्वाव्यापी महामारी प्याण्डामिक महामारीको लेखाजोखा:** जलवायु परिवर्तन र अन्य कारणबाट उतपन्न हुने सबै प्रकारका महामारी, प्याण्डामिक (वैश्विक) महामारी, बर्डफ्लू तथा कीटपतङ्गबाट उत्पन्न हुनसक्ने विपद् जोखिम पहिचान, नक्साङ्कन गर्ने । | सबै प्रकारका महामारी तथा प्याण्डामिक महामारी र कीटपतङ्गका कारण उत्पन्न हुनसक्ने विपद् जोखिमबारे जानकारी प्रवाह भएको हुनेछ । | अल्पकालीन र नियमित | स्वास्थ्य मन्त्रालय | • संघीय सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय दातृ निकाय<br>• विकास साझेदार |
| १०. | **सडक दुर्घटनाको जोखिम लेखाजोखा:** सडक दुर्घटनाको जोखिम | समुदायतहसम्म सडक दुर्घटना र यसको जोखिमबारे | अल्पकालीन र निरन्तर | यातायात व्यवस्था तथा सञ्चार | • सामाजिक विकास मन्त्रालय |

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | लेखाङ्कन गरी सडक उपयोग र उपभोगबारे जानकारी र सूचना सम्प्रेषण गर्ने । | चेतना जाग्रित भएको हुनेछ | | मन्त्रालय | • ट्राफिक प्रहरी<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ११. | **विपद् जोखिम लेखाजोखाको एकीकृत अभिलेख:**<br>प्रत्येक विपद्को छुट्टा छुट्टै जोखिम नक्साङ्कनलाई एकीकृत गरी प्रदेशको भौगर्भिक, भौगोलिक अवस्था, वर्षा र अन्य मौसमी गतिविधि र सामाजिक तथा आर्थिक अवस्था र आधारभूत सेवाको अवस्थासमेत स्पष्ट हुनेगरी उच्च, मध्यम र न्यून सङ्कटासन्न क्षेत्रको पहिचान गरी भौगोलिक सूचना प्रणालीअनुरूप एकीकृत अभिलेख तयार गर्ने । | प्रदेशमा बहुप्रकोप, आर्थिक तथा सामाजिक अवस्थासहित विपद् जोखिम नक्साङ्कन भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• प्राज्ञिक निकाय<br>• अनुसन्धान प्रतिष्ठान<br>• विकास साझेदार<br>• स्थानीय सरकार |
| १२. | **सामाजिक समावेशीकरण तथा सहभागिता:**<br>विपद् जोखिमको लेखाजोखा, मापन र नक्साङ्कन गर्दा सामाजिक समावेशीकरण तथा उच्च जोखिममा रहेका समुदाय वा वर्गको सक्रिय सहभागी गराउने । | जोखिम पहिचान र त्यसको सम्प्रेषणमा विपद्को उच्च जोखिममा रहेका वर्गको सहभागिता भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय | • विषयगत मन्त्रालय<br>• प्राज्ञिक निकाय<br>• अनुसन्धान प्रतिष्ठान<br>• विकास साझेदार<br>• स्थानीय सरकार |
| १३. | **अपाङ्गता मैत्री जोखिम नक्साङ्कन:**<br>उल्लिखित प्रक्रियाअनुरुप जोखिम नक्साङ्कन र सम्प्रेषण गर्ने क्रममा लिङ्ग, उमेर र अपाङ्गताका आधारमा जोखिमयुक्त पूर्वाधार तथा आश्रयस्थल पहिचान गरी | सबै उमेर, लिङ्ग, अपाङ्गता भएका व्यक्तिलगायत सबै वर्गले विपद्को जोखिमबारे जानकारी प्राप्त गरेका हुनेछन् । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार<br>• नागरिक समाज |

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | सार्वजनिक गर्ने । | | | | |
| १४. | **सूचना सम्प्रेषण र जनचेतना अभिवृद्धि:** विपद् र जलवायुजन्य जोखिम जोखिमारे सरल र अपाङ्गतामैत्री भाषामा सम्प्रेषण गरी चेतना प्रवाह गर्ने । | विपद् र जलवायुजन्य जोखिमबारे सबै तह र वर्गले जानकारी प्राप्त गरेका हुनेछन् । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय<br>• स्थानीय तह<br>• प्राज्ञिक निकाय<br>• विकास साझेदार<br>• नागरिक समाज |

## ४.१.२ रणनीतिक कार्य २: विपद् जोखिमसम्बन्धी ज्ञान व्यवस्थापन

विपद् जोखिम न्यूनीकरणलाई सामाजिक संस्कारको रूपमा विकास गरी सबै तह र वर्गमा विपद् उत्थानशीलता बढाउन विपद् जोखिम व्यवस्थापनबारेको ज्ञानको प्रवर्द्धनका लागि देहायका कार्य गरिनेछ:

| क्रसं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **शैक्षिक पाठ्यक्रममा विपद् जोखिम व्यवस्थापन:** सबै तहका शिक्षालयको पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनसम्बन्धी पाठ्यक्रम निर्माण गरी अध्ययन, अध्यापन गराउने | सबै तहका शिक्षालयमा विपद् जोखिम व्यवस्थापनबारे पठनपाठन भएर दक्ष जनशक्तिको विकास भएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार<br>• नागरिक समाज |
| २. | **महामारी व्यवस्थापन:** कीटपतङ्ग, किटाणु वा जीवाणुका कारण उत्पन्न हुने र फैलिने स्थानीय, राष्ट्रिय र विश्वव्यापी महामारीको समयानुकूल व्यवस्थापनसम्बन्धी ज्ञान व्यवस्थापन र जनचेतना अभिवृद्धिका लागि आवश्यक व्यवस्था गर्ने । | स्थानीय, राष्ट्रिय र विश्वव्यापी रूपमा फैलिन सक्ने महामारीबारे जनसमुदायमा ज्ञान, सीप र प्रविधिबारे जनचेतना अभिवृद्धि भई उत्थानशीलता वृद्धि भएको हुनेछ। | निरन्तर | स्वास्थ्य मन्त्रालय | • सङ्घीय सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार<br>• नागरिक समाज |
| ३. | **अभिलेखीकरण, प्रकाशन र** | विपद् र जलवायु | अल्पकालीन | • आन्तरिक | • प्राज्ञिक निकाय |

| क्रसं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | **प्रसारण:** विपद् र जलवायुजन्य जोखिम नक्साङ्कन तथा लेखाजोखाबाट प्राप्त नतिजा, अध्ययन अनुसन्धान प्रतिवेदन, असल अभ्यास आदिको प्रकाशन र प्रशारण गर्ने | परिवर्तनसम्बनधमा भएका अध्ययन, अनुसन्धान र अभ्यासको प्रकाशन र प्रशारण भई सबै तहमा ज्ञान प्रवाह भएको हुनेछ । | र निरन्तर | मामिला तथा कानून मन्त्रालय | • अनुसन्धान सँग सम्बन्धित प्रतिष्ठानहरू<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ४. | **सिकाइ केन्द्र स्थापना:** विपद् र जलवायु परिवर्तन जोखिम र जोखिम न्यूनीकरण सम्बन्धी विषयमा नियमित जानकारी र ज्ञान प्रवाहका लागि प्रदेश र स्थानीय तहमा सिकाई केन्द्र स्थापना गर्ने । | प्रदेशमा एक र सबै १३७ स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी ज्ञान प्रवर्द्धन भएको हुनेछ | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• प्रदेशका विषयगत मन्त्रालय<br>• दातृ तथा विकास साझेदार<br>• विश्वविद्यालयहरू<br>• नागरिक समाज |
| ५. | **प्रशिक्षण कार्यक्रम:** विपद् र जलवायु परिवर्तनबाट उत्पन्न जोखिम र विकासका विषयगत क्षेत्रमा पर्ने प्रभाव, जोखिम न्यूनीकरण, मानवीय सहायता र विपद् पछिको पुनर्लाभ, पुनर्निर्माण तथा पुन:स्थापनजस्ता विषयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | प्रदेश र स्थानीय तहमा दक्ष जनशक्तिको विकास भई प्रदेशको उत्थानशीलता अभिवृद्धि भएको हुनेछ | अल्पकालीन र निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • प्रदेशका विषयगत मन्त्रालय<br>• दातृ तथा विकास साझेदार<br>• निजी क्षेत्र<br>• क्षमता विकासमा संलग्न संस्था तथा निकायहरू<br>• नागरिक समाज |

### ४.१.३ रणनीतिक कार्य ३: विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र व्यवस्थापन

प्रकोपके प्रकृति, आवृत्ति र त्यसबाट पर्ने सम्भावित असका आधारमा तयार विपद् जोखिम नक्साङ्कन र तथ्याङ्क विभिन्न माध्यमबाट सबै तह र वर्गमा सम्प्रेषणका लागि देहायका कार्य गरिनेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **विपद् व्यवस्थापन सूचना प्रणालीको विकास:** | सबै तह र समुदायमा विपद् र | अल्पकालीन | • आन्तरिक मामिला | • प्रदेशका विषयगत |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | भौगोलिक सूचना प्रणालीमा आधारित विपद् व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने र केन्द्र र स्थानीय तहबाट तयार भएका सूचना प्रणालीसँग सञ्जालीकरण गर्ने | जलवायु परिवर्तनसम्बन्धी सूचना तथा विस्तृत तथ्याङ्क उपलब्ध भएको हुनेछ । | | तथा कानून मन्त्रालय | मन्त्रालय<br>• स्थानीय तह<br>• दातृ तथा विकास साझेदार<br>• निजी क्षेत्र<br>• नागरिक समाज |
| २. | **सञ्चार तथा सूचना सम्प्रेषण कार्यविधि तयारी:**<br>सञ्चार माध्यमसँग साझेदारी तथा सामाजिक सञ्जालको उपयोग गरी प्रदेश र स्थानीय तहमा विपद् जोखिम सूचना सम्प्रेषणका लागि मोबाइल एप्स, वेबसाइट र विभिन्न सामाजिक सञ्जालको अधिकतम उपयोग गर्ने | विपद् व्यवस्थापन सूचना प्रणालीमा समाजका सबै वर्गको पहुँच सुनिश्चित भएर प्रदेशको विपद् उत्थानशीलता अभिवृद्धि भएको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय | • प्रदेशका विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• सञ्चारमाध्यम<br>• निजी क्षेत्र<br>• दातृ तथा विकास साझेदार<br>• नागरिक समाज |
| ३. | **सूचना प्रविधिको विकास र विस्तार:**<br>महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्गता भएका व्यक्तिजस्ता सङ्कटासन्न समूहबीच विपद् जोखिमसम्बन्धी सूचना आदान-प्रदानका लागि सूचना प्रविधि हस्तान्तरणका विधि अपनाउन आवश्यक कार्यविधि बनाउने | विपद्को उच्च जोखिममा रहेका नागरिक, समुदाय र वर्ग विपद्को जोखिमबारे जानकार भएर त्यसको सामना गर्न सक्ने भएका हुनेछन् । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय | • प्रदेशका विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• सञ्चारमाध्यम<br>• निजी क्षेत्र<br>• दातृ तथा विकास साझेदार<br>• नागरिक समाज |
| ४. | **नागरिक सचेतना अभिवृद्धि:**<br>विभिन्न सञ्चार माध्यम र साधनको प्रभावकारी उपयोग गरी नागरिक र समुदायलाई विपद् र जलवायु परिवर्तनबाट उत्पन्न जोखिमबारे जानकारी सम्प्रेषण गर्ने | विपद् जोखिम तथा जलवायु परिवर्तनबारे नागरिकमा सचेतना अभिवृद्धि भएको हुनेछ | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय | • प्रदेशका विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• सञ्चारमाध्यम<br>• निजी क्षेत्र<br>• नागरिक समाज |
| ५. | **सूचना साझेदारी:** | विपद् जोखिम तथा | निरन्तर | • आन्तरिक | • यातायात |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | प्राकृतिक र मानवीय कारणबाट उत्पन्न हुने र महामारीलगायतका सबै प्रकारका विपद् जोखिमबारे समुदायमा सूचना सम्प्रेषण गरी सचेतना अभिवृद्धि सरकारी निकाय, नागरिक समाज, सामुदायिक संगठनहरू, विकास साझेदार, राजनीतिक दल र तिनका भातृ सङ्गठनहरूबीच सहकार्य संयन्त्र विकास गर्ने। | जलवायु परिवर्तनबारे नागरिकमा सचेतना अभिवृद्धि भएर विपद्को सामना क्षमता विकास भएको हुनेछ | | मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय<br>• | व्यवस्था तथा सञ्चार मन्त्रालय<br>• प्रदेशका अन्य विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• सञ्चारमाध्यम<br>• निजी क्षेत्र<br>• दातृ तथा विकास साझेदार<br>• नागरिक समाज |

## ४.१.४ रणनीतिक कार्य ४ः अन्तरनिकाय समन्वय संयन्त्रको विकास

नेपालको भौगोलिक स्वरुप र प्रकोपको प्रकृति जोखिमको अवस्था

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **समन्वय संयन्त्रको विकास:** प्रदेश र स्थानीय तहहरू, अन्तर-प्रदेश र अन्तर-स्थानीय तहहरूबीच समन्वय र सहकार्य संयन्त्रको विकास गर्ने । | प्रदेशहरू र स्थानीय तहबीच समन्वयको विकास भएर विपद् न्यूनीकरणका लागि सहकार्य विकास भएको हुनेछ । | अल्पकालीन | मूख्यमन्त्रीको कार्यालय | • संघीय सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• जिसस<br>• स्थानीय तह |
| २. | **अन्तरदेशीय समन्वय संयन्त्रको विकास:** छिमेकी देशसँग नदीको उपयोग, बाढी, पहिरो, र हिमतालजस्ता अन्तरदेशीय प्रकृतिका विपद्को जोखिम न्यूनीकरणका लागि संघीय सरकारमार्फत् समन्वय संयन्त्रको विकास गर्ने । | अन्तरदेशीय प्रकृतिका विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापनमा अन्तरदेशीय सहकार्य अभिवृद्धि भएको हुनेछ । | मध्यकालीन | • मूख्यमन्त्रीको कार्यालय | • संघीय सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३. | **साझा प्रादेशिक ढाँचाको तयारी:** | समान प्रकृतिका विपद्को सामना गर्न | अल्पकालीन | • मूख्यमन्त्रीको कार्यालय | • संघीय सरकार<br>• आन्तरिक |

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | विपद्को प्रकार, प्रकृति, आवृत्ति र प्रभावका आधारमा बहुविपद् जोखिम आँकलन, नक्साङ्कन र जोखिम न्यूनीकरणका लागि सबै प्रदेशको साझा कार्यढाँचा विकास गर्ने । | सबै प्रदेशको कार्य र उपलब्धिमा एकरुपता आएको हुनेछ । | | | मामिला तथा कानून मन्त्रालय<br>• जिसस<br>• जिविव्यस |
| ४. | **सूचना तथा तथ्याङ्क सङ्कलन:** प्रकोपको प्रकृति, प्रकार, आवृत्ति र प्रभावसम्बन्धी तथ्याङ्क सङ्कलन, लेखाजोखामा प्रदेश र स्थानीयत तहबीच एकरूपता कायम गर्ने । | विपद् र त्यसको जोखिम तथा प्रभावसम्बन्धी तथ्याङ्कमा एकरुपता कायम भएको हुनेछ। | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र | • स्थानीय तह<br>• जिसस<br>• जिविव्यस<br>• नेरेसो, प्रदेश शाखा<br>• विकास साझेदार |
| ५. | **पूर्वाधार निर्माणमा समन्वय:** प्रदेश र स्थानीय तहमा सुरक्षति र भरपर्दो रूपमा पूर्वाधार निर्माण र सञ्चालनका लागि प्रभावकारी समन्वय गर्ने | विकास निर्माणका कार्यमा सरोकारवाला मन्त्रालय र निकाय बीच समन्वय भएर विपद् उत्थानशील प्रदेशको विकासमा भएको हुनेछ । | निरन्तर | • मूख्य मन्त्रीको कार्यालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • स्थानीय तह<br>• जिसस<br>• जिविव्यस<br>• नेरेसो, प्रदेश शाखा<br>• विकास साझेदार |

### ४.१.५ रणनीतिक कार्य ५: विषयगत क्षेत्रको जोखिम न्यूनीकरणका लागि क्षमता अभिवृद्धि

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **विपद् प्रशिक्षण केन्द्रको स्थापना:**<br>विपद् र जलवायु परिवर्तन सम्बन्धी जोखिम न्यूनीकरण र खोज तथा उद्धार क्षमता विकासका लागि प्रदेश स्तरीय प्रशिक्षण केन्द्रको स्थापना गर्ने | विपद् र जलवायुजन्य जोखिम सम्बन्धी विषयमा ज्ञान अभिवृद्धि र प्रवर्द्धन भएर दक्ष जनशक्तिको विकास भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• प्राज्ञिक संस्था<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २. | **प्रशिक्षण सामग्री उत्पादन:** प्रदेशमा हुने विपद्को प्रकार, प्रकृति, आवृत्ति र जलवायु परिवर्तनको प्रभावअनुरुप प्रशिक्षण सामग्री उत्पादन गर्ने। | प्रदेशको विपद् र जलवायु परिवर्तनको प्रभावमा आधारित प्रशिक्षण सामग्री उत्पादन भएर दक्ष जनशक्ति उत्पादनमा योगदान पुगेको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• प्राज्ञिक संस्था<br>• विकास साझेदार |
| ३. | **विपद् जोखिम व्यवस्थापन प्रशिक्षण प्रशिक्षक उत्पादन:** प्रदेश र सबै स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन सम्बन्धी दक्ष प्रशिक्षकको उत्पादन गरी स्थानीय तह र समुदायको क्षमता विकासमा परिचालन गर्ने । | विपद् र जलवायुजन्य जोखिम न्यूनीकरणका लागि दक्ष जनशक्तिको विकास भएको हुनेछ। | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • स्थानीय तह<br>• जिसस<br>• जिविव्यस<br>• नेरेसो, प्रदेश शाखा<br>• विकास साझेदार |
| ४. | **विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण जनशक्ति विकास:** विषयगत विकास योजनामा जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई प्रभावकारी बनाउन आवश्यक मानव संसाधनको विकास गर्ने। | विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका लागि प्रदेश र स्थानीय तहमा समेत दक्ष मानवशक्ति उपलब्ध भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • संघीय सरकार<br>• स्थानीय तह<br>• जिसस<br>• जिविव्यस<br>• नेरेसो, प्रदेश शाखा<br>• विकास साझेदार |
| ५. | **सामुदायिक क्षमता विकास:** समुदायमा आधारित विपद् व्यवस्थापन समिति र अन्य विषयगत समूहहरूमा स्थानीय तह मार्फत् विपद् जोखिम न्यूनीकरणका लागि क्षमता | प्रदेशका सबै स्थानीय तहका सङ्कटासन्न समूहहरूको विपद् जोखिम न्यूनीकरण र विपद् सामना | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • संघीय सरकार<br>• स्थानीय तह<br>• जिसस<br>• जिविव्यस<br>• नेरेसो, प्रदेश शाखा |

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | विकास गर्ने । | क्षमता विकास भएको हुनेछ । | | | • विकास साझेदार |
| ६. | **शैक्षिक क्षेत्रमा जनशक्तिको विकास:** सुरक्षित विद्यालयको सुनिश्चितताका लागि शिक्षा आयोग, शिक्षा तथा संस्कृति मन्त्रालय र शिक्षा मानव स्रोत केन्द्रबाट स्वीकृत मार्गदर्शन अनुरुप विपद् जोखिम न्यूनीकरणमा दक्ष जनशक्ति विकास गर्ने । | प्रदेशका सबै शिक्षालयमा विपद् जोखिम न्यूनीकरणका लागि दक्ष जनशक्तिको विकास भएको हुनेछ। | मध्यकालीन | • सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• जिसस<br>• जिविव्यस<br>• नेरेसो, प्रदेश शाखा<br>• विकास साझेदार |
| ७. | **खोज तथा उद्धार जनशक्तिको विकास:** खोज तथा उद्धारमा संलग्न हुने सुरक्षा निकाय, स्वयंसेवक दल, सगरमाथा टिन्स् क्लब र समुदायमा आधारित संस्थाहरूको खोज तथा उद्धार क्षमता विकास गर्ने । | विपद्का समयमा खोज, उद्धार र मानवीय सहयोगमा परिचालन हुने स्थानीय जनशक्तिको विकास भएको हुनेछ | दीर्घकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय | • सुरक्षा निकायहरू<br>• स्थानीय तह<br>• जिसस<br>• जिविव्यस<br>• नेरेसो, प्रदेश शाखा<br>• विकास साझेदार |
| ८. | **सामाजिक समावेशी र अपाङ्गमैत्री जनशक्तिको विकास:** विपद्को उच्च जोखिममा रहेका बालबालिका, महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिको चेतना र दक्षता विकासका लागि उपयुक्त जनशक्तिको विकास गर्ने । | विपद्को उच्च जोखिममा रहेका वर्गमा विपद् जोखिम व्यवस्थापन र विपद्का समयमा जीवन सुरक्षासम्बन्धी ज्ञान अभिवृद्धि भएर मानवीय क्षति न्यून भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय | • सुरक्षा निकायहरू<br>• स्थानीय तह<br>• जिसस<br>• जिविव्यस<br>• नेरेसो, प्रदेश शाखा<br>• विकास साझेदार |
| ९. | **स्थानीय तथा परम्परागत ज्ञान, सीप र प्रविधिको विकास:** विपद् जोखिम व्यवस्थापनसम्बन्धी स्थानीय तथा परम्परागत ज्ञान, सीप र | विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनसम्बन्धी प्रदेशमा रहेको | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक | • सुरक्षा निकायहरू<br>• स्थानीय तह<br>• जिसस<br>• जिविव्यस |

| क्रसं. | रणनीतिक कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | प्रविधिको अभिलेखीकरण र प्रवर्द्धन गरी आधुनिक ज्ञान,सीप र प्रविधिसँग सामञ्जश्य गरी उपयोग गर्ने । | परम्परागत ज्ञान, सीप र प्रविधिको उपयोग भएको हुनेछ | | विकास मन्त्रालय | • नेरेसो, प्रदेश शाखा<br>• विकास साझेदार |
| १०. | **प्रविधिको विकास र हस्तान्तरण:**<br>प्रदेशमा विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण प्रविधिको विकास गर्ने र अन्तर्राष्ट्रिय प्रविधिको हस्तान्तरणका लागि विश्वसमुदायसँग साझेदारी विकास गर्ने । | विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका लागि प्रदेशको क्षमता सुहाउँदो प्रविधिको विकास र विस्तार भएको हुनेछ। | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | • संघीय सरकार<br>• प्राज्ञिक संस्था<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• विषयगत मन्त्रालयहरु |

## ४.२. रणनीतिक क्षेत्र २:विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण

विपद्को प्रकार, बारम्बारता र त्यसको जोखिम र प्रभावलाई सरल रूपमा बुझ्ने, न्यूनीकरण तथा व्यवस्थापन गर्ने प्रयासको मूल स्तम्भको रूपमा विपद् जोखिम सुशासनलाई लिन सकिन्छ । विपद् जोखिम शासकीय पद्धतिले विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरणमा नागरिकको चासो र प्रत्यक्ष सहभागितालाई सुनिश्चित गर्दछ । विपद् जोखिम शासकीय पद्धतिले विपदबाट सुरक्षित रहन, पूर्वतयारी गर्न, व्यवस्थापन गर्न र पुनर्लाभ तथा पुनर्निर्माण एवं पुन:स्थापनका चरणमा काम गर्ने साधन, स्रोत र क्षमता जुटाउने कुराको समेत सुनिश्चित गर्दछ ।

विपद् जोखिम सुशासनलाई सुदृढ बनाउन यस रणनीतिक क्षेत्रअन्तर्गत देहाय बमोजिमका रणनीतिक कार्यहरू निर्धारण गरिएका छन्:

### ४.२.१ रणनीतिक कार्य ६: सशक्त नीतिगत व्यवस्था

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **विषयगत कानूनी व्यवस्था:**<br>विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गर्न सम्बन्धित विषयका कानून, नियम र नीतिहरूमा आवश्यक व्यवस्था गर्ने । | विकासका सबै विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण भएको हुनेछ। | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • मुख्यमन्त्री तथा मन्त्री परिषद कार्यालय<br>• प्रदेश सभा<br>• सरोकारवाला मन्त्रालय |
| २. | **विपद् व्यवस्थापन नियमावली** | विपद् व्यवस्थापन | अल्पकालीन | • आन्तरिक | • प्रदेश विपद् |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | **तर्जुमा:** विपद् व्यवस्थापन ऐन, २०७५ (पहिलो संशोधन, २०७६) को प्रभावकारी कार्यान्वयन गर्न विपद् व्यवस्थापन नियमावली तयार गर्ने । | ऐन, २०७५ (पहिलो संशोधन, २०७६) को प्रभावकारी कार्यान्वयन भएको हुनेछ । | | मामिला तथा कानून मन्त्रालय | व्यवस्थापन परिषद • प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति • प्रदेश सभा |
| ३. | **विपद् प्रभाव मूल्याङ्कन मार्गदर्शन:** उत्थानशील प्रदेशको विकासका लागि विकास योजनाहरू सञ्चालन गर्नु पहिले सम्भावित विपद्को जोखिम लेखाजोखा र विश्लेषण गर्न विपद् प्रभाव मूल्याङकन मार्गदर्शन निर्माण गर्ने । | विकास निर्माणका प्रक्रियामा विपद् जोखिम न्यूनीकरण भएर उत्थानशीलता अभिवृद्धि भएको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश विपद् व्यवस्थापन परिषद • प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति • सरोकारवाला मन्त्रालय • स्थानीय तह • विकास साझेदार |
| ४. | **निर्देशिका, मार्गदर्शन र कार्यसञ्चालन विधिहरू तयारी:** यस रणनीतिक कार्ययोजना अनुरूप निर्माण वा सुधार हुने संस्थागत व्यवस्था र त्यसको कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन, निर्देशिका र कार्य सञ्चालन विधिहरू तयार गर्ने। | विपद् व्यवस्थापन रणनीतिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भई प्रदेश उत्थानशीलता तर्फ अग्रसर भएको हुनेछ। | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • मूख्यमन्त्री तथा मन्त्री परिषद कार्यालय • प्रदेश विपद् व्यवस्थापन परिषद • प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति • स्थानीय तह |

### ४.२.२ रणनीतिक कार्य ७: संस्थागत विकास र एवं सुदृढीकरण

विपद् जोखिम व्यवस्थापनका कार्यलाई प्रभावकारी बनाउन मौजुदा संस्थागत संरचनामा थप सुधार गर्नु आवश्यक छ । विपद् व्यवस्थापन ऐन, २०७५ (पहिलो संशोधन, २०७६), सङ्घीय व्यवस्था र अन्तर्राष्ट्रिय अभ्यासलाई समेत दृष्टिगत गरी विपद् जोखिम व्यवस्थापनका लागि अधिकार सम्पन्न प्रदेश विपद् व्यवस्थापन निकायको स्थापना एवं विषयगत मन्त्रालय र मातहत कार्यालयहरूमा विपद् व्यवस्थापन शाखा वा इकाई गठन गरी संस्थागत सुदृढीकरणका कार्य गर्नेगरी देहायका रणनीतिक कार्ययोजना निर्धारण गरिएका छन्:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **समितिहरूको गठन:** प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन समिति तथा संस्थागत संरचना विकास गर्न समयबद्ध कार्ययोजना बनाई लागू गर्ने | प्रदेशसहित सबै स्थानीय तह र वडामा विपद् व्यवस्थापन समिति गठन भएका हुनेछन् । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • सरोकारवाला मन्त्रालय<br>• नेरेसो, प्रदेश शाखा<br>• विकास साझेदार |
| २. | **प्रदेश विपद् व्यवस्थापन निकायको स्थापना** विपद् उत्थानशील प्रदेशको विकासका लागि अधिकार सम्पन्न निकायको स्थापना गर्ने | विपद् उत्थानशील प्रदेशको विकासका लागि संस्थागत व्यवस्था सुदृढ भएको हुनेछ । | मध्यकालीन | • प्रदेश विपद् व्यवस्थापन परिषद<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • मूख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय<br>• विकास साझेदार |
| ३. | **विपद् अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना:** प्रदेशले प्राकृतिक तथा मानवीय कारणबाट उत्पन्न हुने सबै प्रकारका विपद् र विश्वव्यापी महामारी नियन्त्रणका लागि समेत विशिष्ट रूपमा अध्ययन र अनुसन्धान गर्न अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना गर्ने । | विपद्सम्बन्धी साधारण र विशिष्ट रूपमा अध्ययन तथा अनुसन्धान भई विपद्को प्रकार, कारण, प्रभाव र जोखिम न्यूनीकरण गरी जनधानको रक्षाका लागि सबै कार्यमा प्रभावकारिता वृद्धि भएको हुनेछ । | अल्पकालीन र निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • संघीय सरकार<br>• प्रदेश विपद् व्यवस्थापन परिषद<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| ४. | **विषयगत भूमिका निर्धारण:** प्रदेश र स्थानीय तहका सरकारी निकायका साथै सार्वजनिक तथा निजी क्षेत्रहरूको भूमिका र जिम्मेवारी निर्धारण गर्ने । | प्रदेश सरकार मातहतका निकाय र सरोकारवालाको कार्यजिम्मेवारी स्पष्ट भएको हुनेछ। | मध्यकालीन | • मूख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• प्रदेश सभा<br>• सरोकारवाला मन्त्रालय |
| ५. | **विपद् व्यवस्थापन शाखा गठन गर्ने:** प्रदेशका सबै मन्त्रालय र मातहतका विभागहरूमा विपद् जोखिम व्यवस्थापन | प्रदेशका निकायमा विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलका लागि | अल्पकालीन | • मूख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• आर्थिक मामिला |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | तथा जलवायु परिवर्तन अनुकूलन शाखाको स्थापना गर्ने | जिम्मेवारी प्राप्त शाखा सक्रिय भएका हुनेछन् । | | | तथा योजना मन्त्रालय |
| ६. | **अनुगमन इकाईको स्थापना:** सार्वजनिक सेवा तथा पूर्वाधारहरूमा विपद् जोखिम व्यवस्थापनलाई सुनिश्चित गर्न नागरिकको सहभागिता रहेको अनुगमन इकई गठन गर्ने । | विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा भएका कार्यको कार्यको अनुगमन तथा मूल्याङकन भएको हुनेछ। | अल्पकालीन | • मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ७. | **सम्मान तथा पुरस्कारको व्यवस्था:**<br>विपद् जोखिम व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने व्यक्ति तथा संस्थालाई सम्मान वा प्रोत्साहनका लागि कदर, पुरस्कारको व्यवस्था गर्ने । | विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा उत्कृष्ट कार्य गर्ने वातावरण तयार भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश विपद् व्यवस्थापन परिषद<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ८. | **सडक सुरक्षा इकाई:** नागरिक प्रतिनिधिको समेत सहभागितामा प्रदेश सडक सुरक्षा इकाई गठन गर्ने | प्रदेशमा सडक दुर्घटना न्यूनीकरण भएको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश विपद् व्यवस्थापन परिषद<br>• सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय |
| ९. | **सडक सुशासन सुदृढीकरण:**<br>सडक सुरक्षालाई दृष्टिगत गरी सडकको उपयोग, मर्मतसम्भार, अतिक्रमण नियन्त्रण, क्षमताअनुसार भारवहन सीमा निर्धारण गर्ने। | सडक सुशासन सुनिश्चित भएर सडक दुर्घटना न्यून भई सुरक्षित सडकको विकास भएको हुनेछ। | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय<br>• प्रदेश ट्राफिक प्रहरी<br>• नागरिक समाज |

### ४.२.३ रणनीतिक कार्य ८: विपद् उत्थानशीलताका लागि सामाजिक समावेशीकरण

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **समावेशी पद्धतिको विकास:** विपद् जोखिम व्यवस्थापनका सबै प्रक्रियामा लैङ्गिक संवेदनशील र समावेशी पद्धति कार्यान्वयनमा ल्याउने । | प्रदेशका सबै तहमा विपद् जोखिम व्यवस्थापन लैङ्गिक मैत्री भएर सबै वर्ग विपदबाट उत्थानशील भएका हुनेछन् । | अल्पकालीन र निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय | • जिसस<br>• जिविव्यस<br>• नेरेसो, प्रदेश शाखा<br>• नजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• विकास साझेदार |
| २. | **विपद् जोखिम सुशासनको सबलीकरण:** विपद्को सङ्कटासन्नता र जोखिममा रहेका समूहलाई विपद् व्यवस्थापनका सबै चरणमा अर्थपूर्ण सहभागिता गराई उनीहरूको सशक्तिकरण र साझेदारीको प्रवर्द्धन गर्ने | समाजका सबै तह, तप्का र वर्गका नागरिक विपद् जोखिम व्यवस्थापनका कार्यमा सक्रिय भएर उत्थानशीलता अभिवृद्धिमा सहभागी भएका हुनेछन् | निरन्तर | सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• नागरिक समूह<br>• जिविव्यस<br>• नेरेसो<br>• निजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• विकास साझेदार |
| ३. | **विशेष वर्गका लागि विशेष कार्यक्रम:** समाजका सीमान्तीकृत समूह, महिला, अपाङ्ग, बालबालिका तथा वृद्धवृद्धाहरू र अति सङ्कटासन्न समूहहरूका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रमहरूको विकास गरी सञ्चालन गर्ने । | सीमान्तीकृत समूहमा विपद् जोखिम व्यवस्थापनका कार्य सञ्चालन भएर जीवन रक्षा र जीविकोपार्जनमा सुधार भएको हुनेछ। | अल्पकालीन र निरन्तर | • सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• नागरिक समूह<br>• जिविव्यस<br>• नेरेसो<br>• नजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• विकास साझेदार |

### ४.२.४ रणनीतिक कार्य ९: विपद् उत्थानशीलताका लागि सहकार्य र साझेदारी

विपद् उत्थानशील प्रदेशको निर्माण गर्न सहकार्य र साझेदारी अभिवृद्धि गर्न देहायका क्रियाकलाप सञ्चालन गरिनेछन् तथापि, समयानुकूल अन्य क्रियाकलाप सञ्चालन गर्नु पर्ने भएमा यसबाट कुनै अवरोध हुनेछैन ।

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना:** प्रदेश र सबै स्थानीय तहमा आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी केन्द्रीय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग सञ्जालीकरण गर्ने। | आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापनाले विपद् व्यवस्थापन सुदृढ भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश विपद् व्यवस्थापन परिषद<br>• केन्द्रीय आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• विकास साझेदार |
| २. | **स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना:**<br>महामारी, प्याण्डामिक वा स्वास्थ्यसँग सम्बन्धित सबै प्रकारका विपद्का समयमा स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेशमा स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने । | विपदबाट प्रभावित आपत्कालीन समयमा स्वास्थ्य सेवा प्रभावकारी भएको हुनेछ । | मध्यकालीन | • सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विकास साझेदार |
| ३. | **विपद् जोखिम न्यूनीकरण मञ्चको स्थापना:**<br>विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चसँग समन्वय गरी नागरिक समाजका सबै अङ्गको सहभागितामा प्रदेश विपद् जोखिम न्यूनीकरण मञ्च स्थापना गर्ने र स्थानीय तहमा समेत प्रवर्द्धन गर्ने | विपद् जोखिम सुशासन सबै तहमा सुदृढ भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश सरकारका सबै मन्त्रालयहरू<br>• नागरिक समूह<br>• जिसस<br>• जिविव्यस<br>• नेरेसो<br>• निजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• विकास साझेदार |
| ४. | **संस्थागत सञ्जालीकरणमा प्रवर्द्धन:**<br>प्रदेश तथा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरणमा कार्यरत निकाय, रेडक्रस अभियान, | विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा प्रदेशमा कार्यरत गैरसरकारी संस्था, समुदायमा आधारित संस्था र | अल्पकालीन र निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• जिसस<br>• जिविव्यस<br>• नेरेसो |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | समुदायमा आधारित समितिहरू र सामुदायिक संस्थाहरूको सञ्जालीकरणलाई प्रोत्साहित गर्ने | नागरिक समाजबीच सहकार्य र साझेदारी विकास भएको हुनेछ । | | | • निजी क्षेत्र<br>• नागरिक समूह<br>• सञ्चारमाध्यम<br>• विकास साझेदार |

## ४.३. रणनीतिक क्षेत्र ३ः विपद् उत्थानशीलता अभिवृद्धिका लागि सार्वजनिक तथा निजी लगानी प्रवर्द्धनः

विपद् उत्थानशील प्रदेशको विकासका लागि जोखिम न्यूनीकरणका विभिन्न पक्षमा लगानी बढाउनु आवश्यक हुन्छ । यस सन्दर्भमा विपद् जोखिम न्यूनीकरणमा भइरहेका कार्यलाई थप प्रभावकारी र प्रतिफलमुखी बनाउन "विद्यमान जोखिम न्यूनीकरणका लागि भइरहेको लगानीमा सार्वजनिक निजी लगानी अभिवृद्धि" गरिनेछ । यसका लागि देहायअनुसार पाँचओटा रणनीतिक कार्य गरिनेछ:

### ४.३.१ रणनीतिक कार्य १०ः उत्थानशीलता अभिवृद्धिका लागि सरकारी लगानी प्रवर्द्धन

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **पूर्वाधारमा जोखिम न्यूनीकरण लगानी:** सरकारी, सार्वजनिक भवन, विद्यालय, सडक, पुल, कलभर्ट, खानेपानीका पूर्वाधार, विद्युत् वितरण, सञ्चारका साधनलगायतका भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम तर्जुमा, डिजाइन र निर्माण गर्दा जोखिम न्यूनीकरणका लागि आवश्यक बजेटको व्यवस्था गर्ने । | प्रदेश सरकार र स्थानीय तहबाट हुने लगानीमा निर्माण हुने सबै प्रकारका भौतिक पूर्वाधार र संरचना विपद् उत्थानशील भएका हुनेछन् । | निरन्तर | • सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय<br>• स्थानीय तह | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• विषयगत मन्त्रालयहरू<br>• स्थानीय तह<br>• प्रदेश योजना आयोग<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| २. | **पूर्वाधारहरूको प्रबलीकरणः** जोखिमयुक्त अवस्थामा रहेका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना, सरकारी तथा सार्वजनिक भवनहरू, ऐतिहासिक सम्पदा र सांस्कृतिक | कमजोर भौतिक संरचनाको प्रबलीकरण भई विपदबाट हुने क्षति तथा नोक्सानी न्यून हुने भएर आधारभूत सेवा प्रवाह अवरोध मुक्त भएका | दीर्घकालीन | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | • संघीय सरकार<br>• प्रदेश योजना आयोग<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• विषयगत मन्त्रालयहरू |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | धरोहरहरू, जलविद्युत् गृह, आदिको प्रबलीकरणमा लगानी बढाउने | हुनेछन्। | | | • स्थानीय तह<br>• विकास साझेदार |
| ३. | **सीमान्तीकृत वर्गको क्षमता विकास:**<br>विपद्को उच्च जोखिममा रहेका तथा कमजोर अर्थिक अवस्था भएका सीमान्तीकृत वर्ग तथा समुदायको आवश्यकता बमोजिम जीविकोपार्जन तथा आर्थिक विकासमा सुधार गरी उत्थानशीलता बढाउन रोजगारी, सीप विकास तथा स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न लगानी गर्ने | विपद्को उच्च जोखिममा रहेका वर्गमा विपद्को सामना गर्ने र जोखिम न्यूनीकरणमा पुनर्लगानी गर्ने क्षमता विकास भएको हुनेछ । | निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह<br>• नागरिक स्वयं | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• विषयगत मन्त्रालयहरू<br>• प्रदेश योजना आयोग<br>• विकास साझेदार<br>• नागरिक समाज |
| ४. | **सुरक्षित पर्यटन प्रवर्द्धन:**<br>पर्यटकीय क्षेत्रमा निर्माण हुने पूर्वाधार तथा पदमार्गलाई सुरक्षित र विपद् जोखिमरहित बनाउन लगानी अभिवृद्धि गर्ने । | पर्यटकीय क्षेत्र र पदमार्ग विपद्को जोखिमबाट उत्थानशील भई पर्यटन प्रवर्द्धनमा योगदान मिलेको हुनेछ । | अल्पकालीन र निरन्तर | • पर्यटन तथा संस्कृति मन्त्रालय | • प्रदेश सरकारका अन्य सम्बन्धित मन्त्रालयहरू<br>• प्रदेश योजना आयोग<br>• पर्यटन व्यवसायी<br>• विकास साझेदार<br>• नागरिक समाज |
| ५. | **सुरक्षित विद्यालय निर्माण:**<br>शिक्षालयहरूको संरचनागत तथा गैरसंरचनात्मक जोखिम न्यूनीकरणमा लगानी वृद्धि गर्ने । | विद्यालयमा रहेको विपद् जोखिम न्यूनीकरण भएर गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ । | दीर्घकालीन | • सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह<br>• विद्यालय व्यवस्थापन समिति | • संघीय सरकार<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• प्रदेश योजना आयोग<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• नागरिक समाज |
| ६. | **उत्थानशील स्वास्थ्य सेवाको विकास:** | प्रदेश र स्थानीय तहमा रहेका वा | मध्यकालीन | • सामाजिक विकास | • संघीय सरकार<br>• आर्थिक मामिला |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | प्रदेश र स्थानीय तहमा स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढ बनाउन अस्पताल, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र, उपस्वास्थ्य चौकीको संरचनात्मक र गैरसंरचनात्मक सुदृढीकरण र उपकरणमा लगानी अभिवृद्धि गरी स्थानीय तथा विश्वव्यापी महामारी (प्याण्डामिक) को समेत सामना गर्ने व्यवस्था सहितको सेवा प्रदान गर्न सक्ने स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने । | स्थापना हुने स्वास्थ्यसेवा प्रदायक संस्थाहरू विपद् उत्थानशील भएर निर्वाध सेवा प्रदान गर्न सक्षम भएका हुनेछन् । | | मन्त्रालय<br>• स्थानीय तह | तथा योजना मन्त्रालय<br>• प्रदेश योजना आयोग<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• नागरिक समाज |
| ७. | **सुरक्षित सडकको विकास:** सडक निर्माणका क्रममा नै सम्भावित दुर्घटना न्यूनीकरणका उपाय अवलम्बन गर्ने र सडकको उपयोगबारे चेतना अभिवृद्धि गरी सडक सुशासन सुनिश्चित गर्न लगानी बढाउने | प्रदेशभित्र निर्माण हुने सडकहरू सुरक्षित तथा सडकको उपयोगबारे नागरिक सुसूचित भई उत्थानशीलता अभिवृद्धि भएका हुनेछन् । | निरन्तर | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | • मूख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• प्रदेश ट्राफिक प्रहरी<br>• स्थानीय तह |
| ८. | **वैकल्पिक सडक वा मार्गमा लगानी गर्ने:** मुख्य, सहायक राजमार्ग र भित्री मार्गहरूको आपत्कालीन रणनीतिक महत्व पहिचान गरी तिनको प्रवलीकरण गरेर उत्थानशीलता बढाउने । बैकल्पिक मार्गको स्पष्ट पहिचान र प्राथमिकीकरण गर्ने । | जोखिममा रहेका भित्री वा वैकल्पिक सडकहरू सुरक्षित भएका हुनेछन् । | दीर्घकालीन | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• प्रदेश योजना आयोग<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ९. | **कृषि क्षेत्रको जोखिम न्यूनीकरण:** विपद् र जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा पर्ने पर्रभाव र क्षति न्यूनीकरण गर्न कृषि सूचना प्रणालीको विकासमा लगानी बढाउने। | विपद् र जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा पर्ने प्रभाव न्यून भएर कृषि उत्पादनमा वृद्धि भएको हुनेछ । | निरन्तर | • भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | • नेपाल सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• मौसम विज्ञान विभाग<br>• दातृ निकाय<br>• विकास सझेदार |
| १०. | **विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण:** विकासका विषयगत क्षेत्रका योजना तर्जुमा तथा कार्यान्वयनमा जोखिम न्यूनीकरणका लागि लगानी बढाउने । | विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण भएर विपद् उत्थानशील प्रदेशको विकास भएको हुनेछ। | अल्पकालीन र निरन्तर | • प्रदेश योजना आयोग<br>• मूख्यमन्त्री तथा मन्त्रि परिषदको कार्यालय<br>• स्थानीय तह | • नेपाल सरकार<br>• विषयगत मन्त्रालय र निकायहरू<br>• निजी क्षेत्र<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ११. | **सामाजिक सुरक्षामा लगानी:** विपद् जोखिम क्षेत्रमा सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारमा विशेष ध्यान दिने | सामाजिक विकासमा हुने लगानीका कारण विभिन्न जोखिम न्यून भई समाज उत्थानशील भएको हुनेछ । | निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• स्वास्थ्य मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विकास साझेदार<br>• नेपाल रेडक्रस सोसाइटी प्रदेश कार्यालय । |
| १२. | **हिमतालको जोखिम न्यूनीकरण:** सम्भाव्य जोखिमयुक्त हिमतालहरूमा हिमताल विस्फोटबाट उत्पन्न बाढी र सम्भावित क्षति न्यूनीकरणका लागि संघीय सरकारसँग समन्वय गरी लगानी बृद्धि गर्ने । | जोखिमयुक्त हिमतालका कारण उत्पन्न जोखिम न्यूनीकरण भई तल्लो तटीय क्षेत्र सुरक्षित भएको हुनेछ । | दीर्घकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • नेपाल सरकार<br>• नेपाली सेना<br>• दातृ निकाय<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १३. | **जलाधार व्यवस्थापन:** सुख्खाग्रस्त क्षेत्रमा कृत्रिम पोखरीहरू निर्माण गरी पानी संरक्षण र वर्षाको पानी सङ्कलन गर्ने तथा पानी उपयोगमा कुशल प्रविधि विकास गरी ताल, सिमसार तथा पोखरीहरूको संरक्षण गर्ने कार्यमा लगानी बढाउने । | जलाधार क्षेत्र र जलसम्पदाको संरक्षण तथा उच्च सङ्कटासन्न क्षेत्रमा जल व्यवस्थापन भएर पानीको अभावका कारण हुने जोखिम न्यून भएको हुनेछ। | दीर्घकालीन | वन वातावरण तथा भू-संरक्षण मन्त्रालय | • प्रदेश योजना आयोग<br>• प्रदेश सरकारका सरोकारवाला मन्त्रालय<br>• विकास साझेदार |
| १४. | **वन संरक्षणमा लगानी:** सुख्खा क्षेत्रका वन जङ्गलहरूमा अग्नी रेखा निर्माण गर्ने | वनडढेलोमा कमी आएको हुनेछ । | निरन्तर | वन वातावरण तथा भू-संरक्षण मन्त्रालय | • प्रदेश योजना आयोग<br>• प्रदेश सरकारका सरोकारवाला मन्त्रालय<br>• विकास साझेदार |
| १५. | **आगलागीको जोखिम व्यवस्थापन:** आगलागीको जोखिम न्यूनीकरणका लागि सहरी क्षेत्रमा वारुणयन्त्रको व्यवस्था र सडक नभएका वा पहाडी ग्रामीण क्षेत्रमा स्थानीय प्रविधिको अग्नी समन पद्धतिको विकासमा लगानी गर्ने । | सहरी र ग्रामीण क्षेत्रका वस्तीहरू आगलागीको जोखिमबाट सुरक्षित भएका हुनेछन् । | दीर्घकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• विकास साझेदार<br>• निजी क्षेत्र |
| १६. | **अपाङ्गमैत्री संरचना:** सरकारी कार्यालय, सामुदायिक भवन, विद्यालय, अस्पताल र आश्रयस्थलहरू बालबालिका, बृद्धबृद्धा तथा अपाङ्ग मैत्री बनाउने | भौतिक पूर्वाधार अपाङ्ग तथा वृद्ध-वृद्धा मैत्री भएका हुनेछन् । | निरन्तर | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय<br>• | • सामाजिक विकास मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विकास साझेदार । |
| १७. | **जैविक प्रविधिको प्रयोग:** बाढी तथा पहिरो जोखिम न्यूनीकरणका लागि जैविक बाँध, वृक्षरोपण, वन | नदी तटीय क्षेत्रका वस्ती, प्राकृतिक तथा मानवनिर्मित सम्पत्ति एवं विभिन्न | निरन्तर | • वन वातावरण तथा भू-संरक्षण | • आन्तरिक मामिला तथा कानून मन्त्रालय |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | संरक्षण, जलाधार संरक्षण आदि प्रोत्साहन गर्ने | तहमा रहेको पहिरोको जोखिम न्यूनीकरण भएको हुनेछ । | | मन्त्रालय | • विकास साझेदार<br>• स्थानीय तह<br>• समुदायमा आधारित समूह |
| १८. | **ब्याज र करमा छुट:** जोखिमयुक्त निजी आवास, होटेल, सपिङ्ग मल, व्यवसायिक तथा औद्योगिक भवनहरू प्रबलीकरणको लागि कम ब्याज दरमा ऋण, कर छुट आदिद्वारा प्रोत्साहन गर्न संघीय सरकारसँग समन्वय गर्ने । | कर र ब्याजमा छुट भएर उद्योगी, व्यवसायी र आम समुदायमा पुराना भौतिक पूर्वाधारमा रहेको जोखिम न्यूनीकरण भएको हुनेछ । | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय | • प्रदेश सरकारका मन्त्रालयहरू<br>• स्थानीय तह<br>• नीजी क्षेत्र<br>• दातृ निकाय |
| १९. | **शहरी ढल व्यवस्थापन:** शहरी ढल निकास प्रणालीलाई सुरक्षित र शहरलाई डुवानको जोखिमबाटमुक्त गर्न विद्यमान ढल निकास प्रणालीको स्तरोन्नती गर्ने | शहरी क्षेत्रमा बढ्दै गरेको डुवान र सङ्क्रमणको जोखिम कम भएको हुनेछ। | मध्यकालीन र निरन्तर | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय<br>• | • प्रदेश सरकारका सरोकारवाला मन्त्रालय<br>• स्थानीय तह<br>• समुदाय |
| २०. | **भूउपयोगमा सुधार:** भूक्षय र पहिरोको जोखिम न्यूनीकरणका लागि भिरालो जमिनमा गरिने कृषि र अन्य उपोगको प्रणालीमा सुधार गर्ने । | भूमिको उपयोगमा नवीतम प्रविधिको उपयोग भई भूक्षय र पहिरोको जोखिम कम भएको हुनेछ । | मध्यकालीन | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | • प्रदेश सरकारका सरोकारवाला मन्त्रालय<br>• स्थानीय तह<br>• समुदाय |
| २१. | **अध्ययन तथा अनुसन्धान:** विपद् जोखिमको पहिचान, नक्साङ्कन, अभिलेखीकरण र सोका आधारमा जोखिम संवेदनशील आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने । | प्रदेशको योजना तर्जुमा तथा कार्यान्वयनमा अध्ययन तथा अनुसन्धानमा आधारित योजना तर्जुमा तथा कार्यान्वयन भएका हुनेछन् । | निरन्तर | • प्रदेश योजना आयोग<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय | • प्रदेश सरकारका सरोकारवाला मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार<br>• दातृ निकाय<br>• समुदाय |

### ४.३.२ रणनीतिक कार्य ११: विपद् उत्थानशीलता अभिवृद्धिमा सार्वजनिक लगानी प्रवर्द्धन

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **विपद् व्यवस्थापन कोषको व्यवस्थापनः**<br>आपत्कालीन समयका लागि स्थापना गरिएको विपद् व्यवस्थापन कोषको उपयोग पूर्वतयारी र तत्कालीन जोखिम न्यूनीकरणमा समेत गर्न सकिने प्रावधान राख्ने । | आपत्कालीन जोखिम न्यूनीकरण र पूर्वतयारी सुनिश्चित भएको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• अन्य सरोकारवाला मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| २. | **अतिरिक्त बजेट विनियोजनः**<br>सार्वजनिक तथा निजी क्षेत्रको विकास कार्यक्रम तथा योजनामा विपद् जोखिम न्यूनीकरणका लागि गर्नैपर्ने नियमित कामका लागि कूल बजेटको निश्चित प्रतिशत अर्थात् आवश्यकता अनुसारको बजेट विनियोजन गर्ने । | नियमित विकास योजनाबाहेक विपद् व्यवस्थापनका थप क्रियाकलाप सञ्चालन भएर उत्थानशीलता विकास भएको हुनेछ । | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• अन्य सरोकारवाला मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| ३. | **आपत्कालीन मर्मतसम्भार कोषः**<br>भौतिक पूर्वाधारको प्रबलीकरण र विपद्पछिको तत्कालीन पुनर्निर्माण सुनिश्चित गर्न आपत्कालीन मर्मतसम्भार कोषको स्थापना गर्ने । | भौतिक पूर्वाधारको प्रबलीकरण र आपत्कालीन मर्मतसम्भार सुनिश्चित भएको हुनेछ । | मध्यकालीन | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय<br>• | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• दातृ निकाय |
| ४. | **लैङ्गिक उत्तरदायी कार्यक्रम र बजेट विनियोजनः**<br>प्रदेश तथा स्थानीय तहहरूले विपद् जोखिम न्यूनीकरणका | विपद् जोखिम व्यवस्थापनका कार्यक्रममा सामाजिक तथा | निरन्तर | • सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• आर्थिक मामिला |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट प्रणाली अनुसरण गर्ने । | आर्थिक रूपमा पछाडि पारिएका वर्गको सहज पहुच भएको हुनेछ । | | | तथा योजना मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| ५. | **बजेट रकमान्तर प्रक्रिया निर्धारणः**<br>विपद्पछि मानवीय सहयोग परिचालन, शीघ्र पुनर्लाभ तथा पुनःस्थापनाका कार्यलाई सुचारु गर्न विकास बजेटबाट उपयोग गर्ने व्यवस्थालाई सहज बनाउन बजेट रकमान्तरको प्रक्रियालाई सरलीकृत गर्ने । | विपद् जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालनका लागि बजेटको पर्याप्त व्यवस्था भएको हुनेछ । | अल्पकालीन | • आर्थिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ६. | **स्वास्थ्य सेवामा लगानी:**<br>सार्वजनिक निजी साझेदारीमा स्थानीय, राष्ट्रिय तथा विश्वव्यापी महामारीको नियन्त्रण, उपचार र व्यवस्थापनका कार्य सुनिश्चित गर्नेगरी लगाली बढाउने । | उत्थानशील स्वास्थ्य सेवाको विकास भएको हुनेछ । | अल्पकालीन र निरन्तर | • स्वास्थ्य मन्त्रालय | • संघीय सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |

### ४.३.३ रणनीतिक कार्य १२ः विपद् उत्थानशीलताका लागि निजी लगानी प्रवर्द्धन

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **सुरक्षित व्यवसायिक प्रतिष्ठानको विकास:**<br>व्यापार केन्द्र, औद्योगिक प्रतिष्ठान, कलकारखाना स्थापनास्थलको छनोट, निर्माण र सञ्चालन निश्चित मापदण्डका आधारमा गर्ने नीतिगत व्यवस्था गरी त्यसका लागि निजी लगानी प्रवर्द्धन गर्ने । | सञ्चालित र भविष्यमा स्थापना हुने उद्योग, व्यापारिक भवन र कल कारखाना र त्यसमा काम गर्ने कर्मचारी तथा मजदुर सुरक्षित भएका हुनेछन् । | मध्यकालीन | उद्योग, श्रम तथा रोजगार मन्त्रालय | •आन्तरिक मामिला तथा कानून मन्त्रालय निजी क्षेत्र<br>•स्थानीय तह सञ्चार माध्यम |
| २. | **व्यवसाय निरन्तरता योजनाः**<br>साना व्यापार तथा | निजी तथा सार्वजनिक क्षेत्रका | मध्यकालीन | सम्बन्धित | आन्तरिक मामिला तथा कानून |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | उद्योगहरूलाई विपद्पछि तत्कालै व्यवसाय सञ्चालनका लागि व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने। | सबै निकाय र व्यवसायिक प्रतिष्ठान विपद्पछि पनि निरन्तर सञ्चालन भएका हुनेछन् । | | निकाय | मन्त्रालय र प्रदेश सरकारका सबै मन्त्रालय<br>विकास साझेदार |
| ३. | **जोखिम न्यूनीकरणका लागि प्रोत्साहनः**<br>विपद् जोखिम न्यूनीकरण गतिविधिहरूमा निजी क्षेत्रको स्रोत परिचालनलाई उपयुक्त विधिद्वारा प्रोत्साहनको व्यवस्था गर्ने । | निजी तथा सार्वजनिक क्षेत्रबाट आवश्यक पर्ने स्रोत परिचालन भएको हुनेछ । | निरन्तर | आर्थिक मामिला तथा योजना मन्त्रालय<br>स्थानीय तह | मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय<br>आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>सरोकारवाला निकाय |
| ४. | **वैकल्पिक विधिको प्रयोगः**<br>विपद् जोखिम न्यूनीकरणका लागि वैकल्पिक तथा सृजनशील आर्थिक साधनहरू जस्तै जोखिम पूर्वानुमान र संवेदनशीलतामा आधारित लगानी, साना लगानी, लघु ऋण, कर्जा बिमा, पुनर्बीमा आदिको विकास तथा प्रवर्द्धन गर्ने । | जोखिम न्यूनीकरणका क्षेत्रमा वैकल्पिक तथा सृजनशील आर्थिक साधनहरू उपयोग भएका हुनेछन् । | मध्यकालीन | सामाजिक विकास मन्त्रालय | • स्थानीय तह<br>• दातृ निकाय<br>• अनुसन्धान तथा प्राज्ञिक निकाय<br>• विकास साझेदार |
| ५. | **सहुलियत प्रदानः**<br>विपद् प्रभावित व्यक्ति तथा समुदायहरूलाई लघुवित्त सुविधा, निर्व्याजी ऋण, सशर्त नगद हस्तान्तरण आदिको व्यवस्था गर्न आवश्यक कार्यविधि तयार गरी लागू गर्ने। | विपद् प्रभावित समुदायले लघुवित्त, ऋणलगायतमा सुविधा प्राप्त गरी आर्थिक क्रियाकलाप वृद्धि भएको हुनेछ । | मध्यकालीन | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • दातृ निकाय<br>• अनुसन्धान तथा प्राज्ञिक निकाय<br>• विकास साझेदार |
| ६. | **निजी लगानी वृद्धि गर्नेः**<br>कर्पोरेट सामाजिक जिम्मेवारी कार्यक्रम मार्फत् विपद्पछिको पुनर्निर्माणमा निजी स्रोतको समेत लगानी प्रवर्द्धन प्रणालीको विकास गर्ने । | विपद् जोखिम न्यूनीकरणमा निजी लगानी बढेर उत्थानशील विकासमा योगदान मिलेको हुनेछ । | निरन्तर | सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह<br>निजी क्षेत्र | • आर्थिक मामिला तथा योजना मन्त्रालयसहित प्रदेशका सबै मन्त्रालय |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७. | **जोखिम हस्तान्तरणमा अनुदानः** विपद् जोखिम हस्तान्तरणका विधि अवलम्बन गर्न आवश्यक कार्यविधि तयार गरी जोखिम हस्तान्तरण विधिमा निजी लगानीलाई प्रोत्साहित गर्ने । | सिमान्तीकृत वर्गमा जोखिम हस्तान्तरणको अभ्यास बढ्नेछ र उत्थानशीलता अभिवृद्धि भएको हुनेछ | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • सामाजिक विकास मन्त्रालय<br>• विकास सझेदार<br>• निजी क्षेत्र |
| ८. | **अन्य स्रोत परिचालनः** महत्वपूर्ण पूर्वाधारहरू र सम्पदाको पुनर्निर्माणका लागि द्विपक्षीय, बहुपक्षीय र अन्तर्राष्ट्रिय स्रोतहरूको परिचालन गर्ने । | विपद् जोखिम न्यूनीकरणमा विभिन्न क्षेत्रको स्रोत परिचालन भएर उत्थानशील विकासमा योगदान मिलेको हुनेछ | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • सामाजिक विकास मन्त्रालय<br>• विकास साझेदार<br>• निजी क्षेत्र |

## ४.३.४ रणनीतिक कार्य १३: विपद् जोखिम हस्तान्तरण, बिमा तथा सामाजिक सुरक्षा

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **व्यक्तिगत बिमा:** महामारीलगायतका प्राकृतिक तथा मावकृति विपद्को उच्च जोखिममा रहेको व्यक्ति, परिवार र समूह तथा विपद् जोखिम व्यवस्थापनमा कार्यरत वा संलग्न कर्मचारी वा स्वयंसेवकको दुर्घटना र जीवन बिमाको सुनिश्चित गर्ने। | विपदमा आधारित व्यक्तिगत दुर्घटना र जीवन बिमामा वृद्धि भएर आर्थिक व्यवस्थापन सुनिश्चत भएको हुनेछ । | अल्पकालीन र निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • सामाजिक विकास मन्त्रालय<br>• विकास साझेदार<br>• बिमा कम्पनीहरू<br>• निजी क्षेत्र |
| २. | **कृषि बिमाः** कृषि तथा पशु बिमामा जोखिम हिस्सेदारीको विद्यमान अभ्यासको समीक्षा गरी कृषिमा बढ्दो विपद् खाद्य असुरक्षाका चुनौतिलाई समेत सम्बोधन गरी अनुदानसहित बिमाको प्रवर्द्धन गर्ने । | कृषि तथा पशुसेवा क्षेत्रमा बिमा क्षेत्र विपद् उत्थानशील विकास भएको हुनेछ | निरन्तर | • कृषि मन्त्रालय<br>• स्थानीय तह | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय<br>• विकास साझेदार<br>• बिमा कम्पनीहरू<br>• निजी क्षेत्र |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३. | **समुदायमा आधारित बिमा:** समुदायमा आधारित, लघु बिमा, पशु बिमा, खेती बिमा, कृषक आरक्षित कोषको व्यवस्था गरी सिमान्तीकृत र भूमिहीन वर्ग वा गरीबीको रेखा मुनीका परिवारको बिमालाई अनुदानमा आधारित बनाएर स्वतः बिमा लाभग्राही हुने व्यवस्था गर्ने । | समुदायमा विपदबाट भएको क्षति पूर्ति भएर समुदायको आर्थिक विकासमा योगदान मिलेको हुनेछ । | मध्यकालीन | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• प्रदेश योजना आयोग<br>• बिमा कम्पनीहरू<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ४. | **जोखिम हस्तान्तरणका अन्य विधिको उपयोग:** विपद् जोखिम हस्तान्तरणका अन्य प्रचलित विधि, विश्वमा चलेका प्रचलन र नवप्रवर्तनमुखी विधिको पहिचान गरी तिनको अभ्यास र प्रवर्द्धन गर्ने । | विपद् जोखिम हस्तान्तरणका नयाँ विधि प्रयोगमा आएर समुदायको विपद् उत्थानशीलता अभिवृद्धि भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• बिमा कम्पनीहरू<br>• स्थानीय तह | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• प्रदेश योजना आयोग<br>• बिमा कम्पनीहरू<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ५. | **सार्वजनिक तथा निजी सम्पत्तिको बिमा:** सार्वजनिक भवनहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरू र निजी भवनहरू, उद्योग, व्यवसाय, कलकारखाना आदि सबै प्रकारका सम्पत्तिको बिमा गरी जोखिम हस्तान्तरणलाई अनिवार्य गराउने । | प्रदेशका सबै प्रकारका सम्पत्तिको विपद्जन्य जोखिम हस्तान्तरण भएर आर्थिक क्षतिको पूर्ति सुनिश्चत भएको हुनेछ । | अल्पकालीन | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• बिमा कम्पनीहरू<br>• दातृ निकाय<br>• विकास साझेदार |

### ४.३.५ रणनीतिक कार्य १४: समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रम प्रवर्द्धन

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **सामुदायिक समितिहरूको गठन र परिचालन:** विपद्को प्रकार, प्रकृति र प्रभावका आधारमा विशिष्ट कार्यक्रम तयार गरी समुदाय स्वयंलाई परिचालन गरेर विपद् जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन र प्रवर्द्धन गर्ने । | समुदायमा विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि भएको हुनेछ । | निरन्तर | • स्थानीय तह<br>• नागरिक र नागरिक समूह | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• अन्य सम्बन्धित मन्त्रालय<br>• विकास साझेदार |
| २. | **जोखिम लेखाजोखा तथा नक्साङ्कन:** विपद्को उच्च जोखिममा रहेका क्षेत्रका समुदायको विपद् जोखिम र क्षमता लेखाजोखा र जोखिम नक्साङ्कनमा लगानी बढाउने। | सबै समुदायको विपद् तथा जलवायु परिवर्तनसम्बन्धी जोखिम नक्साङ्कन भएको हुनेछ | निरन्तर | • स्थानीय तह<br>• नागरिक र नागरिक समूह | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• अन्य सम्बन्धित मन्त्रालय<br>• विकास साझेदार |
| ३. | **जनचेतना अभिवृद्धि:** समुदायको प्रकृति, विपद्को प्रकार, प्रकृति, बारम्बारता र प्रभावका आधारमा जोखिम न्यूनीकरणका विधिसहित जनचेतना र क्षमता विकासका लागि लगानी सुनिश्चित गर्ने । | विपद् जोखिम न्यूनीकरणमा लगानी र चेतना वृद्धि भएको हुनेछ । | निरन्तर | सामाजिक विकास मन्त्रालय स्थानीय तह | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• अन्य सम्बन्धित मन्त्रालय<br>• विकास साझेदार |

## ४.४. रणनीतिक क्षेत्र ४: विपद् प्रतिकार्य र पुनःस्थापनका लागि प्रभावकारी पूर्वतयारी

### ४.४.१ रणनीतिक कार्य १५: प्रभावकारी प्रतिकार्यका लागि सशक्त विपद् पूर्वतयारी

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **विपद् प्रतिकार्य ढाँचा र प्रतिकार्यका लागि पूर्वतयारी योजना तर्जुमा:** आपत्कालीन समयमा खोज, उद्धार र राहत व्यवस्थापनका लागि प्रदेशमा विपद् प्रतिकार्य | प्रदेशको विपद् प्रतिकार्य समन्वयात्मक र प्रभावकारी भएको हुनेछ | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • मूख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय<br>• प्रदेशका विषयगत मन्त्रालय |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | ढाँचा र प्रदेश र स्थानीय तहमा विपद् प्रतिकार्यका लागि पूर्वतयारी योजना निर्माण गर्ने। | | | | • विकास सझेदार<br>• जिल्ला विपद् व्यवस्थापन समिति |
| २. | **प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रको क्षमता विकास:**<br>प्रदेश, जिल्ला र स्थानीय तहमा स्थापित आपत्कालीन कार्यसञ्चालन केन्द्रको क्षमता विस्तार गर्ने । | प्रदेशका सबै जिल्ला र स्थानीय तहबीच समन्वय र सहकार्य बढेर विपद् प्रतिकार्य प्रभावकारी भएको हुनेछ । | अल्पकालीन र निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • संघीय सरकार<br>• प्रदेशका अन्य मन्त्रालय<br>• विकास सझेदार<br>• स्थानीय तह |
| ३. | **आपत्कालीन सामग्री भण्डारगृह स्थापना:**<br>सबै जिल्लामा आपत्कालीन सामग्री भण्डारणका लागि भण्डारगृह स्थापना गरी विपद्को प्रकृति र जनसङ्ख्याका आधारमा सामग्री मौज्दात रखे । | प्रदेशमा आपत्कालीन समयमा आधारभूत सामग्रीको उपलब्धता सहज भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• प्रदेशका अन्य मन्त्रालय<br>• विकास सझेदार |
| ४. | **अत्यावश्यक सेवा केन्द्रको सुदृढीकरण:**<br>प्रदेश सरकारले अघिल्लो वर्षबाट प्रारम्भ गरेको मूख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रको स्थापनालाई निरन्तरता दिने । | नागरिकले आपत्कालीन सेवा सहज रुपमा प्राप्त गरेका हुनेछन् । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय<br>• प्रदेशका अन्य मन्त्रालय<br>• विकास सझेदार |
| ५. | **आश्रयस्थलहरूको विकास:**<br>शहरी र ग्रामीण दुबै क्षेत्रमा खुला स्थानको पहिचान तथा व्यवस्थापन गरी आपत्कालीन समयमा उपयोग गर्न सकिनेगरी विकास गर्ने। | आपत्कालीन समयमा प्रभावित र घरबाट विस्थापितका लागि सुरक्षित आवाशको सुनिश्चितता भएको हुनेछ । | मध्यकालीन | • सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय<br>• स्थानीय तह | • आन्तरिक मामिला तथा कानून मन्त्राल<br>• प्रदेशका विषयगत मन्त्रालय<br>• विकास साझेदार |
| ६. | **विषयगत समूह (Cluster) को गठन:**<br>प्रदेशमा विषयगत क्षेत्रको | विषयगत क्षेत्रअनुरुप मानवीय सहयोग | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून | • प्रदेशका सरोकारवाला मन्त्रालय |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | व्यवस्था गरी विपद्का समयमा परिचालन गर्न सकिनेगरी तयारी अवस्थामा राख्ने । | परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । | | मन्त्रालय | • विकास साझेदार<br>• निजी क्षेत्र<br>• सञ्चार माध्यम |
| ७. | **स्थानीय तहलाई सहयोग:** यस रणनीतिका लक्ष्य प्राप्तिका लागि स्थानीय तहलाई नीतिगत व्यवस्था, विपद् तथा जलवायु सिकइ केन्द्र र आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना, पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका लागि आवश्यक सहयोग गर्ने। | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा स्थानीय तह, नागरिक र नागरिक समूहको क्षमता अभिवृद्धि भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेशका विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ८. | **सामुदायिक पूर्वतयारी:** समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरूलाई विपद्को सामना गर्नका लागि स्थान र विपद्को प्रकृतिको आधारमा तयारी अवस्थामा राख्ने । | विपद्का समयमा व्यक्ति, परिवार र समुदायको जीवन र सम्पत्तिको सुरक्षामा सबैको सक्रिय सहभागिता भएको हुनेछ। | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ९. | **विषयगत क्षेत्रको पूर्वतयारी योजना:** दूरसञ्चार, विद्युत्, बैङ्क, उद्योग, कलकारखाना, शिक्षालय, अस्पताल र स्वास्थ्य केन्द्र लगायत निजी तथा सार्वजनिक क्षेत्रका अत्यावश्यक सेवा प्रदायक निकायको आपत्कालीन र व्यवसाय निरन्तरता योजना तयारीका लागि मार्गदर्शन गर्ने । | विपद्का समयमा समेत सार्वजनिक र निजी क्षेत्रको सेवा प्रवाह प्रभावकारी भएको हुनेछ । | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| १०. | **विमानस्थलको पूर्वतयारी:** आपत्कालीन समयमा उपयोग गर्न सकिनेगरी विमानस्थलहरूको सुधार, पूर्वतयारी र विमानस्थल निरन्तरता योजना तयार गर्ने। | आपत्कालीन समयमा विमानस्थल सुरक्षित रूपमा सञ्चालन भई मानवीय सहयोग | दीर्घकालीन | • नागरिक उड्डयन प्राधिकरण | • संघीय सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• भौतिक पूर्वाधार मन्त्रालय |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | परिचालन प्रभावकारी भएको हुनेछ । | | | |
| ११. | **सूचना प्रणालीको स्थापना:** सबै जिल्ला र स्थानीय तहमा आपत्कालीन सूचना तथा सञ्चार प्रणालीको विकास गर्ने। | विपद्को समयमा सूचना सम्प्रेषण प्रभावकारी भएको हुनेछ । | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • सुरक्षा निकाय<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| १२. | **पर्यटन सुरक्षा:** पर्यटकीय क्षेत्रमा आपत्कालीन पूर्वतयारी गरी सुरक्षित पदयात्रा, सूचना प्रणाली, सुरक्षा व्यवस्थाद्वारा खोज, उद्धारलाई प्रभावकारी बनाउने। | पर्यटन क्षेत्र सुरक्षित भएर पर्यटन प्रवर्द्धनमा अभिवृद्धि भएको हुनेछ । | मध्यकालीन | • पर्यटन तथा संस्कृति मन्त्रालय<br>• विजोन्यू तथा व्यवस्थापन प्राधिकरण | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र |
| १३. | **आपत्कालीन स्वास्थ्य केन्द्र:** स्थानीय तथा विश्वव्यापी महामारीलगायत विपद्को उच्च जोखिम रहेका क्षेत्र र घना बस्ती भएका सहरी क्षेत्रमा एकान्तवास, सघन उपचार केन्द्र, आपत्कालीन उपचार केन्द्र र ट्रमा सेण्टर स्थापना गर्ने । | आपत्कालीन अवस्थामा सबै मानिसले सहज रूपमा स्वास्थ्योपचार प्राप्त गरेका हुनेछन् । | मध्यकालीन | स्वास्थ्य मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| १४. | • **स्वास्थ्य सामग्रीको व्यवस्था:** विजोन्यू तथा व्य प्राधिकरण स्थानीय तथा विश्वव्यापी रूपमा फैलिनसक्ने विभिन्न प्रकारका महामारी वा प्याण्डामिकको रोकथाम र नियन्त्रणका लागि प्रत्येक स्वास्थ्य संस्थालाई उपलब्ध गराउन सकिने गरी स्वास्थ्य परीक्षणका साथै स्वास्थ्य सुरक्षा सामग्रीको | स्थानीय र विश्वव्यापी महामारी तथा सरुवा रोगको नियन्त्रण र उपचार सुनिश्चित भएको हुनेछ । | निरन्तर | स्वास्थ्य मन्त्रालय | • संघीय सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | भण्डारण र वितरण व्यवस्था र मौज्दात सुनिश्चित गर्ने । | | | | |
| १५. | **विशेष सेवा केन्द्र:** स्थानीय तहका भण्डारण गृहहरूमा महिला, गर्भवती र स्तनपान गराउने महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति तथा बिरामीहरूका लागि आवश्यक पर्ने विशेष सामग्री र उपकरण पर्याप्त मात्रामा भण्डारण गर्ने र ती सेवामा उनीहरूको पहुँच सुनिश्चित गर्ने । | विपद्का समयमा विशेष आवश्यकता भएका सबै वर्गले आफ्ना आवश्यकता बमोजिमको मानवीय सहयोग प्राप्त गरेका हुनेछन्। | निरन्तर | सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| १६. | **मनोसामाजिक सेवाः** महामारीलगायत सबै प्रकारका विपद्का कारण त्रासमा परेका मानसिक रुपमा कमजोर भएका व्यक्ति वा वर्गलाई मनोसामाजिक सेवा प्रदान गर्ने विज्ञ वा सेवकको पूर्व वन्दोवस्त गर्ने । | विपदबाट मानसिक सन्तुलन गुमाएका वा विक्षिप्त भएका व्यक्तिको जीवन सामान्य अवस्थामा आएको हुनेछ । | निरन्तर | सामाजिक विकास मन्त्रालय | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह<br>• स्वास्थ्य सेवा प्रदायक निकाय<br>• विकास साझेदार |

## ४.४.२ रणनीतिक कार्य १६ः बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तार

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **पूर्वसूचना प्रणालीको विस्तार:** प्रमुख जलाधार क्षेत्रमा संघीय सरकारसँग समेत सहयोग लिएर देशीय र अन्तरदेशीय पूर्वसूचना प्रणालीको विकास र विस्तार गर्ने । | प्रमुख नदीहरूमा आउने बढीबारे मानिस समयमै सचेत भएका हुनेछन् । | दीर्घकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | वन वातावरण तथा भू-संरक्षण मन्त्रालय<br>• मौसम विज्ञान विभाग<br>• आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• स्थानीय तह<br>• विकास साझेदार |
| २. | **पूर्वसूचना प्रणालीमा सुधार:** मौजुदा पूर्वसूचना प्रणालीमा स्थानीय तहको समेत | प्रमुख नदीहरूमा आउने बढीबारे मानिस समयमै | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून | वन वातावरण तथा भू-संरक्षण मन्त्रालय<br>• मौसम विज्ञान |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | सहभागितामा एकीकृत लगानी व्यवस्थापन गरी समयानुकूल परिमार्जन गर्ने । | सचेत भएका हुनेछन् । | | मन्त्रालय | विभाग<br>• प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| ३. | **समुदायमा आधारित पूर्वसूचना:** अत्याधुनिक पूर्वसूचनामा पहुँच नभएका ग्रामीण क्षेत्रका समुदायका लागि समुदायमा आधारित पूर्वसूचना प्रणालीको प्रवर्द्धन गरी पहुँच कायम गराउने । | विपदबारेका सूचना समुदायले सहज माध्यमबाट प्राप्त गरी विपद्को समयमा जीवन र सम्पत्ति रक्षा गर्न सफल भएका हुनेछन् । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | वन वातावरण तथा भू-संरक्षण मन्त्रालय<br>• मौसम विज्ञान विभाग<br>• प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| ४. | **दूरसञ्चारको उपयोग:** दूरसञ्चार सेवा प्रदायकसँग समन्वय गरी बहुविपद् पूर्वसूचना अवधारणा अनुसार नेपाली भाषामा एसएमएस सन्देशका माध्यमबाट पूर्वसूचना प्रवाहलाई प्रभावकारी बनाउने । | नागरिक तहसम्म विपद्को पूर्वसूचना सम्प्रेषण भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय<br>• प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| ५. | **सन्देशको सूची तयारी:** बाढी, पहिरो, आगलागी, भूकम्प लगायतका विपद्को पूर्वतयारी र विपद् भइहालेमा कसरी सुरक्षित रहने भन्ने विषयका सन्देश तयार गरी सम्प्रेषण गर्ने । | बहुविपद्का सूचना र सन्देशमा एकरुपता आउने र नागरिकको बुझाइ समान भएर विपद्को सामना क्षमता विकास भएको हुनेछ । | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार<br>• विपद् सञ्चारविज्ञ<br>• सञ्चारमाध्यम वा सञ्चारकर्मी<br>• निजी क्षेत्र |
| ६. | **सडक सूचना:** सडकमा स्पष्ट लेन, सडक बत्ती, जेब्रा क्रसिङ निर्माण, | सडकका आधारभूत सेवा सञ्चालन भई चालक र पैदल | अल्पकालीन | • सडक पूर्वाधार तथा शहरी | • आन्तरिक मामिला तथा कानून मन्त्रालय |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | सवारी सञ्चालन अनुशासन र नागरिक अनुशासनमा सुधार गरी सडक सुरक्षाका विधि, दुर्घटनाग्रस्त क्षेत्रका सङ्केत राख्ने । | यात्रु एवं सडक उपयोगकर्तामा चेतना बढेर दुर्घटनामा कमी आएको हुनेछ । | | विकास मन्त्रालय | • प्रदेश ट्राफिक प्रहरी<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ७. | **विशेष वर्ग लक्षित पूर्वसूचना:** आपत्कालीन समयमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, सञ्चारसाधनबाट बञ्चित वा पूर्ण उपयोग गर्न नसक्ने व्यक्तिका लागि विशिष्ट प्रकारको सूचना सम्प्रेषण सामग्री निर्माण गर्ने । | समाजका सबै वर्ग विपद्को पूर्वसूचना प्राप्त गर्न सक्षम भएका हुनेछन् | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र मौसम विज्ञान विभग<br>• सञ्चारकर्मी र सञ्चारमाध्यम<br>• विकास साझेदार<br>• निजी क्षेत्र |
| ८. | **आन्तरिक पूर्वसूचना प्रणालीको स्थापना:** सबै क्षेत्र र तहका सार्वजनिक तथा निजी भवन, विद्यालय, अस्पताल तथा महत्वपूर्ण पूर्वाधार, उद्योग तथा कलकारखाना, व्यापारिक केन्द्रमा विशिष्ट प्रकारका सूचना दिने उपकरण, धूवाँ डिटेक्टर र आगलागी अलार्म अनिवार्य रूपमा जडान गर्ने । | सबै तह र निकायमा विपद्को सम्भावित सङकेत प्राप्त भएर मानवीय क्षति न्यून भएको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सम्बन्धित निकाय | • प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• जल तथा मौसम विज्ञान विभाग<br>• सञ्चारकर्मी र सञ्चारमाध्यम<br>• विकास साझेदार<br>• निजी क्षेत्र |
| ९. | **हिमताल विष्फोट बाढीको सूचना:** हिमताल विस्फोटबाट आउनसक्ने बाढीको पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाएर नदी बेंसीहरूमा विस्तार गर्ने । | तटीय क्षेत्रका मानिस हिमताल विष्फोट र त्यसबाट हुनसक्ने बाढीबाट सुरक्षित भएका हुनेछन् । | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• मौसम विज्ञान विभग<br>• सञ्चारकर्मी र सञ्चारमाध्यम<br>• विकास साझेदार<br>• निजी क्षेत्र |
| १०. | **मौसम पूर्वानुमान सम्प्रेषण:** सबै प्रकारका मनसुनी गतिविधिको पूर्वानुमानका लागि निश्चित स्थानमा तत्काल हुनसक्ने मौसमी घटनाको | मौसमी गतिविधिबारे आम नागरिक समयमै सचेत भएका हुनेछन् । | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• मौसम विज्ञान विभग<br>• सञ्चारकर्मी र सञ्चारमाध्यम |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | पूर्वानुमान गर्ने प्रविधिको स्थापना गरी सबैले बुझ्ने भाषामा सम्प्रेषण गर्ने । | | | | • विकास साझेदार<br>• निजी क्षेत्र |

## ४.४.३ रणनीतिक कार्य १७ः समन्वय, सूचना व्यवस्थापन र सम्प्रेषण

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **सूचना आदानप्रदान:** विपदमा खोज, उद्धार र मानवीय सहायताका लागि अन्तर स्थानीय तह, प्रदेश र स्थानीय तह, अन्तर प्रदेश र केन्द्रबीच प्रभावकारी समन्वय संयन्त्र स्थापना गर्ने । | सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य भएर सूचना सम्प्रेषण प्रभावकारी भएको हुनेछ । | निरन्तर | मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय स्थानीय तह | • संघीय सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• जिल्ला समन्वय समिति |
| २. | **सूचना व्यवस्थापन:** आपत्कालीन सूचना व्यवस्थापनका लागि प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई केन्द्र, जिल्ला र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूसँग समन्वय तथा सूचना आदानप्रदान गर्ने दक्षता विकास गर्ने । | सबै सङ्घ, स्थानीय तह र अन्य निकायबीच समन्वय र सहकार्य भएर सूचना सम्प्रेषण प्रभावकारी भएको हुनेछ | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय<br>• निजी क्षेत्र<br>• विकास साझेदार<br>• सञ्चारकर्मी र सञ्चारमाध्यम |
| ३. | **समुदायमा सूचना सम्प्रेषण:** आपत्कालीन सूचना सबै सरोकारवालाले सहज रूपमा प्राप्त गर्ने वातावरण बनाउने र आवश्यकताअनुसार मार्गदर्शन तयार गरी लागू गर्ने | सूचनाको सम्प्रेषण सबै क्षेत्रमा सही रुपमा भएर आपत्कालीन मानवीय सेवा प्रभावकारी भएको हुनेछ । | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • निजी क्षेत्र<br>• विकास साझेदार<br>• सञ्चारकर्मी र सञ्चारमाध्यम |

## ४.४.४ रणनीतिक कार्य १८ः विपद् प्रतिकार्य क्षमता विकास

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **खोज तथा उद्धार कार्यदल गठनः** प्रदेशमा विपद् प्रतिकार्यका लागि | प्रदेशमा खोज तथा उद्धारका | दीर्घकालीन | आन्तरिक मामिला | • संघीय सरकार<br>मुख्यमन्त्री तथा |

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | प्रदेश प्रहरी मूख्यालयमा साधारण खोज तथा उद्धार दल गठन गरी क्षमता विकास गर्ने। | लागि समर्पित कार्यदल स्थापना भएको हुनेछ । | | तथा कानून मन्त्रालय | मन्त्री परिषदको कार्यालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• विकास साझेदार |
| २. | **आपत्कालीन कार्यसञ्चालन केन्द्रको क्षमता विकासः** प्रदेश र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूको स्थापना, विस्तार र कर्मचारीको क्षमता विकास गर्ने । | प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रको समन्वय प्रभावकारी भएको हुनेछ । | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ३. | **सिकाइ आदानप्रदानः** प्रदेशमा भएका विपद् व्यवस्थापनका कार्य र उपलब्धि, विपद्को प्रकार, प्रकृति, प्रभाव र मानिसको सामना क्षमता लगातका विषयमा अनुभव आदानप्रदानका लागि वर्षमा एकपटक कार्यशाला आयोजना गर्ने । | स्थानीय तहबीच विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यमा ज्ञान आदानप्रदान भएर उत्थानशील विकासमा नयाँ सोचको विकास भएको हुनेछ । | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय<br>• प्रदेश योजना आयोग<br>• सम्बन्धित मन्त्रालय<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ४. | **एकद्वार प्रणाली सुनिश्चत गर्नेः** मानवीय सहायता परिचालनमा दोहोरोपना आउँन नदिन कार्यविधि बनाई क्षेत्रगत र कार्यगत एकद्वार प्रणाली अवलम्बन गर्ने । | व्यक्ति, परिवार र समुदायले पाउने मानवीय सहयोगमा सबैको समान पहुँच भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश सरकारका सरोकारवाला मन्त्रालय<br>• सुरक्षा निकाय<br>• विकास साझेदार |
| ५. | **समुदायको क्षमता विकासः** समुदायमा आधारित समूह, सामुदायिक संस्थाहरू (बाल क्लब, युवा क्लब, आमा समूह, वरिष्ठ नागरीक मञ्च, नागरिक सरोकार केन्द्र, आदि) को विपद् | समुदाय विपद् जोखिम न्यूनीकरण र विपद्को सामना गर्न सक्षम भएको हुनेछन् । | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • सुरक्षा निकाय<br>• स्थानीय सरकार<br>• विकास साझेदार |

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिबृद्धि गर्ने । | | | | |
| ६. | **सडक उद्धार कार्यदल स्थापना:** सडक दुर्घटनामा परिचालन हुने उद्धार कार्यदल गठन र क्षमता विकास गरी २४ घणटा सञ्चालन हुनेगरी उपकरणसहित परिचालन गर्ने । | सडक दुर्घटनाको उद्धार तत्कालै र प्रभावकारी भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • सुरक्षा निकाय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय सरकार<br>• विकास साझेदार |
| ७. | **आपत्कालीन स्वास्थ्य सेवा:** विपदमा परेर घाइते भएका व्यक्तिको तत्कालीन उपचारका लागि दक्ष उपचारक र सामग्रीको पर्याप्तता सुनिश्चित गर्ने। | आपत्कालीन उपचार प्रभावकारी र सेवामा सबैको पहुँच कायम भएको हुनेछ | निरन्तर | स्वास्थ्य मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• प्रदेश योजना आयोग<br>• स्थानीय तह<br>• विकास साझेदार |
| ८. | **मापदण्डको विकास:** विपदबाट प्रभावित व्यक्ति तथा समुदायलाई मानवीय सहायता उपलब्ध गराउँदा आधारभूत मानवीय मापदण्डको विकास गर्ने । | विपद् प्रभावितले न्यूनतम मापदण्डमा आधारित मानवीय सहयोग प्राप्त गरेका हुनेछन् । | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश योजना आयोग<br>• स्थानीय तह<br>• विकास साझेदार |

### ४.४.५ रणनीतिक कार्य १९:“ अझ बलियो र अझ राम्रो ”निर्माण सहित पुनर्निर्माण र पुनःस्थापन

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. | **मापदण्ड निर्माण:** सबै प्रकारका भौतिक पूर्वाधारको पुनर्निर्माण मापदण्ड तयार गर्ने । | विपद्पछिको पुनर्निर्माण जोखिमरहित भएको हुनेछ । | दीर्घकालीन | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| २. | **पुनःस्थापन कार्यविधि:** सबै प्रकारका विपद् प्रभावित परिवारको सामाजिक, शैक्षिक, आर्थिक र दक्षताको पुनःस्थापनका लागि | विपद्पछिको पुनःस्थापन सुरक्षित भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | पुनर्निर्माण तथा पुन:स्थापन कार्यढाँचा र निर्देशिकाहरू तर्जुमा गर्ने। | | | | |
| ३. | **प्रविधि हस्तान्तरणः** विपद्पछिको पुनर्निर्माणलाई अझ बलियो र अझ राम्रो बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रविधि प्राप्त गर्ने र हस्तान्तरण गर्ने । | विपद्पछिको पुनर्निर्माणमा अत्याधुनिक प्रविधिको उपयोग भएको हुनेछ । | निरन्तर | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | • प्रदेश योजना आयोग<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ४. | **समावेशी निर्माण:** विपद् प्रभावित क्षेत्रमा भौतिक पूर्वाधार निर्माण, मर्मरतसम्भार र पुनर्निर्माण गर्दा महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र बालबालिकाको विशेष आवश्यकताको सम्बोधन गर्ने। | विपद्पछिको पुनर्निर्माण र पुन:स्थापन सबै वर्गमैत्री र सहज पहुँचयुक्त र उत्थानशील भएको हुनेछ । | निरन्तर | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | • प्रदेश योजना आयोग<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ५. | **क्षमता विकास:** प्रकोप प्रतिरोधी पुनर्निर्माणका लागि ईन्जिनियर, निर्माणकर्मी, डकर्मी, सिकर्मी, ठेकेदार र आपूर्तिकर्ताको तालिम र चेतनामूलक कार्यक्रम मार्फत् क्षमता अभिबृद्धि गर्ने | विपद्पछिको पुनर्निर्माणमा दक्ष जनशक्ति परिचालन भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश योजना आयोग<br>• प्रदेश सरकारका सम्बन्धित सबै मन्त्रालय<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• विकास साझेदार |

# अध्याय ५: वित्तीय व्यवस्था र भूमिका तथा जिम्मेवारी

प्रदेश सरकारले यस रणनीतिक कार्य योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था देहायका स्रोतबाट गर्नेछ:

## ५.१. औपचारिक स्रोत बाँडफाँड प्रक्रियाबाट विनियोजित बजेट

(क) प्रदेश सरकारका विषयगत मन्त्रालय वा निकायहरूको नियमित बजेट ।

(ख) विषयगत मन्त्रालय वा निकायमा रहेको विपद् जोखिम व्यवस्थापन कार्यक्रमको लागि विनियोजित बजेट

(ग) विपद्पछि पुनर्लाभ र पुनर्निर्माणका लागि स्थापित कोष

(घ) विशेष बजेटको व्यवस्था

(ङ) प्रमुख विपद् घटनापछि अन्य आयोजनाको बजेटबाट सोहि विषयगत क्षेत्रको लागि पुनर्लाभ र पुर्ननिर्माणमा उपयोग गर्ने गरी "बजेट रकमान्तर" गर्ने व्यवस्था

## ५.२. प्रदेश तथा स्थानीय तहको सार्वजनिक व्यय व्यवस्थापन

(क) प्रदेश तथा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमको लागि बजेट

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा उपलब्धिमा आधारित अनुदान

(ग) विपद् जोखिम न्यूनीकरणको अतिरिक्त व्ययभारको लागि थप अनुदान

## ५.३. नियामक प्रक्रियाबाट प्राप्त स्रोत

(क) शहरी र क्षेत्रीय योजना, वस्ती योजना र अन्य भौतिक तथा पर्यावरणीय योजना नियमन

(ख) निर्माण नियमहरू, निर्माण संहिता र निर्माण उद्योग लाइसेन्सका शर्तहरू

(ग) खरिद सम्झौताका शर्तहरू

(घ) शैक्षिक पाठ्यक्रम र सार्वजनिक सूचना अभियानमा प्राप्त विज्ञापन शुल्क

(ङ) बिमा, बैंकिङ्ग कारोबार र कर्जाका शर्तहरू

(च) सम्पत्तिको मूल्याङ्कन र खरिद विक्री दस्तुर

(छ) प्राकृतिक श्रोतसाधनहरू (वनजङ्गल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, गिटी, बालुवा, खानी तथा खनिज, माछा आदि) बाट प्राप्त रोयल्टी

## ५.४. विपद् व्यवस्थापन कोषको परिचालन

(क) सङ्घ, प्रदेश, स्थानीय तहबाट स्थापना भएका विपद् व्यवस्थापन कोषमा सञ्चित रकम ।

(ख) समुदायमा आधारित समुहहरूबाट स्थापना भएका सामुदायिक विपद् व्यवस्थापन कोष।

(ग) द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकाय र अन्य विकास साझेदारहरूबाट कोषमा जम्मा भएको सहयोग ।

(घ) औद्योगिक तथा व्यापारिक संस्था, वित्तीय प्रतिष्ठानहरूले स्थापना गरेका कोष वा सरकारी वा गैहसरकारी निकायबाट स्थापना भएका कोषमा गरिएको अनुदान सहयोग।

## ५.५. प्रदेशका लागि आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त कार्यक्रम सहयोग

(क) नेपाल सरकारबाट विपद् जोखिम न्यूनीकरणका लागि प्राप्त विशेष कार्यक्रम र बजेट ।

(ख) द्वीपक्षीय तथा बहुपक्षीय सहयोगबाट प्राप्त विकास कार्यक्रम र बजेटमा निर्धारित रकम।

(ग) अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरका अन्तर सरकारी सङ्गठनहरूको सहायता ।

(घ) दातृ निकाय, रेडक्रस अभियान, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट विपद् जोखिम व्यवस्थापन र मानवीय सहयोगका लागि सञ्चालन हुने कार्यक्रम, परियोजना आदिबाट परिचालन हुने रकम ।

(ङ) अन्य वैदेशिक सहयोग, अनुदान र ऋण सहयोगअन्तर्गत प्राप्त हुने रकम ।

## ५.६. अन्य स्रोतबाट प्रदेशलाई प्राप्त हुने स्रोत

(क) जोखिम हस्तान्तरणका माध्यमबाट विपद्पछि बिमितले दावी गरी प्राप्त गर्ने बिमा सुविधा तथा दावी फछ्र्योट ।

(ख) विपद् व्यवस्थापनका लागि सरकारबाट निजी क्षेत्र वा नागरिकले प्राप्त प्रोत्साहन कर ।

(ग) विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका रणनीतिक कार्यका लागि प्रदेश सरकारले लगाउने अतिरिक्त कर वा शुल्क ।

(घ) व्यवसायिक सामाजिक जिम्मेवारी र अन्य क्षेत्रबाट प्राप्त सहायता ।

# अध्याय ६: अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

## ६.१. रणनीतिक कार्ययोजनाको कार्यान्वयनः

विपद् र जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरणका लागि संघीय सरकारको सहयोग तथा समन्वय र स्थानीय सरकारसँगको साझेदारीमा प्रदेश सरकारले काम गर्नेगरी प्रस्तुत प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना तर्जुमा गरिएको छ । प्रदेशमा कार्यरत सरकारी एवं गैहसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज र अन्य सरोकारवालाहरू, विकास साझेदार संस्था, राजनीतिक दल तथा भातृ सङ्गठनलगायत समुदायमा आधारित समूहहरूको साझा कार्यका रूपमा यसको कार्यान्वयन हुनेछ ।

विपद् जोखिम न्यूनीकरण उत्थानशील विकासका लागि अनिवार्य प्रक्रिया भएकोले विकाससँग सम्बन्धित सबै सरकारी निकायले सहकार्य र समन्वय गरेर काम गर्नु पर्नेछ । विपद् जोखिम

न्यूनीकरणका रणनीति र रणनीतिक क्रियाकलापहरू प्रदेशका वर्षिक योजना तथा कार्यक्रममा समायोजन गरेर मूलप्रवाहीकरण गरिनेछ ।

विपद् जोखिम व्यवस्थापनको कार्य सबैको साझा धारणा, दृष्टिकोण, समन्वय र सहकार्यबाट मात्र सम्भव हुन्छ । यसका लागि सबैले निर्दिष्ट र विशिष्ट भूमिका निर्वाहद्वारा गुणात्मक र परिमाणात्मक कार्यसम्पादन भएमा मात्र विपद् व्यवस्थापन रणनीतिक कार्ययोजनाको कार्यान्वयन सफल हुनेछ । यसका साथै विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरू अवलम्बन गरिनेछन्:

१. यस कार्ययोजनाले निर्धारण गरेका रणनीतिलाई प्रदेश सरकारको आवधिक तथा वार्षिक कार्यक्रममा समायोजन गरी कार्यान्वयन गरिनेछ ।
२. रणनीतिका प्राथमिकतालाई परियोजनाको रूपमा विकास गरी कार्यान्वयन गरिनेछ ।
३. विषयगत मन्त्रालय तथा विभागहरूको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ ।
४. विपद् जोखिम न्यूनीकरणसम्बन्धी आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई निरन्तरता दिन प्राथमिकताका आधारमा बहुवर्षीय कार्यक्रम एवं बजेट तर्जुमा गरी स्रोत व्यवस्थापन गरिनेछ।
५. यस कार्ययोजनाको कार्यान्वयन तथा व्यवस्थापन पद्धतिमा समयानुकूल सुधार गरी सम्बन्धित विषयगत मन्त्रालय तथा निकायहरूको संगठन तथा व्यवस्थापनमा आवश्यकताअनुसार सुधार गरिनेछ ।
६. कार्ययोजना कार्यान्वयनको लागि आवश्यक परेअनुसार नीतिगत व्यवस्था गरिनेछ र कार्यविधिहरूलाई समयानुकूल परिमार्जन गर्दै लगिनेछ ।
७. कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न सङ्घ र स्थानीय निकायसँग समन्वय गरिनेछ ।

## ६.२. अनुगमन तथा मूल्याङ्कनः

यस रणनीतिले निर्धारण गरेअनुसार सञ्चालन भएका कार्यक्रमको अनुगमन मूल्याङ्कन वार्षिक तथा आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनकै एक भागको रुपमा गरिनेछ । यसका लागि कार्ययोजना अनुसार नै आवश्यक सूचक तयार गरिनेछ । अनुगमन तथा मूल्याङ्कन देहायबमोजिम हुनेछ:

(क) आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रस्तुत रणनीतिका निर्दिष्ट क्रियाकलापका आधारमा विषयगत क्षेत्रअनुरुप अनुगमन र मूल्याङ्कनका लागि अलग-अलग सूचकसहितको ढाँचा तयार गर्नेछ जुन विषयगत मन्त्रालयको नियमित अनुगमन तथा मूल्याङ्कन ढाँचा र सूचकको एक अभिन्न अङ्ग हुनेछ।

(ख) विषयगत मन्त्रालयले आफ्ना नियमित अनुगमन तथा मूल्याङकनका क्रममा नै विपद् जोखिम व्यवस्थापनका सूचकअनुसार अनुगमन तथा मूल्याङ्कन गरी त्यसको प्रतिवेदन आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउनेछन् ।

(ग) विपद् व्यवस्थापन कार्यकारी समितिले त्यस्ता प्रतिवेदनको अध्ययन गरी आवश्यक परेमा आफैं पनि अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ । प्राप्त अनुगमन तथा मूल्याङकन प्रतिवेदन प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले प्रदेश विपद् व्यवस्थापन परिषदमा प्रस्तुत गरी प्रगति समिक्षा गर्नेछ र प्राप्त सुझाव अनुसार निर्णय लिनेछ ।

(घ) स्थानीय तहमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समन्वय सम्बन्धित स्थानीय तहमा गठित विपद् व्यवस्थापन समितिहरूले गर्नेछन् ।

(ङ) स्वीकृत सूचकका आधारमा भएको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमाथि प्रदेश विपद् व्यवस्थापन परिषद, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र आन्तरिक मामिला तथा कानून मन्त्रालयले अध्ययन गरी आवश्यक परेमा बाह्य तथा स्वतन्त्र विज्ञबाट अनुगमन तथा मूल्याङ्कन गराउन सक्नेछ ।

## ६.३. पुनरावलोकन र अध्यावधिकः

सामान्यतया यस कार्ययोजनाको पुनरावलोकन पाँच वर्षमा गर्न सकिनेछ तापनि, रणनीतिक कार्ययोजनाको कार्यान्वयनबाट प्राप्त अनुभव, परिवर्तित वातावरण र विश्वव्यापी मान्यताका आधारमा प्रदेश विपद् व्यवस्थापन परिषदले आवश्यकता हेरी कुनै पनि समयमा पुनरावलोकन गर्न सक्नेछ । रणनीतिक कार्य योजनालाई पुनरावलोकन र अद्यावधिक गर्दा यससँग सम्बद्ध सबै निकाय, विकास साझेदार, निजी क्षेत्र र स्थानीय तहहरूलाई समेत सहभागी गराइनेछ । यस रणनीतिक कार्य योजनालाई देहायका अवस्थामा पुनरावलोकन र अद्यावधिक गरिनेछः

१. केन्द्र र प्रदेश सरकारका सम्बद्ध नीति र कानून परिवर्तन भएर रणनीतिक कार्ययोजनाको कार्यान्वयन कठिन भएमा ।
२. विश्वव्यापी संरचना र विकासक्रमसँग थप तालमेल मिलाउनु आवश्यक भएमा ।
३. प्रदेशमा विनाशकारी विपद् भएमा र त्यस्ता विपद्पछिको सिकाइका आधारमा रणानीतिक कार्ययोजनामा परिमार्जन गर्नु पर्ने भएमा ।
४. वार्षिक वा आवधिक अनुगमन तथा मूल्याङ्कन र समीक्षाबाट प्राप्त सुझावले परिवर्तन गर्न गरेको सिफारिस उपयुक्त देखिएमा ।

यो रणनीतिक कार्य योजना विपद् व्यवस्थापन ऐन, २०७५ (पहिलो संशोधन, २०७६) को दफा ४(ज) बमोजिम विपद् व्यवस्थापन परिषदको सिफारिशमा प्रदेश सरकार (मन्त्रिपरिषद् / प्रदेश विपद् व्यवस्थापन समिति) बाट स्वीकृत गरी लागू गरिएको छ ।

# सन्दर्भ सामग्री


DWIDP, 1993. Annual Disaster Review, 1993, Department of Water Induced Disaster Prevention, His Majesty's Government of Nepal

Gautam, D.K. and Regmi, S.K., 2013. Recent trends in the onset and withdrawal of summer monsoon over Nepal, Ecopersia 2013, 1, 353–367

GON, 2015. Post Disaster Needs Assessment, National Planning Commission, Government of Nepal

Karki, R., Hasson, S., Schickhoff, U., Scholten, T. and Boehner, J., 2017. Rising precipitation extremes across Nepal, Climate 2017, 5, 4; doi:10.3390/cli5010004

LRMP, 1986. Agriculture/Forestry Report, Land Resource Mapping Project, HMG/Nepal

MOAC, 2006. Agriculture and Environment, Deserts and Desertification: Don't Desert Dry lands, Government of Nepal, Ministry of Agriculture and Cooperatives, Gender Equity and Environment Division, Agri-Environment and Biodiversity Section, Kathmandu

MOHA, 2009. Nepal Disaster Report 2009, Government of Nepal, Ministry of Home Affairs

MOHA, 2011. Nepal Disaster Report 2011, Government of Nepal, Ministry of Home Affairs

MOHA, 2016. Disaster Risk Reduction in Nepal: Achievements, Challenges and Ways Forward, National Position Paper for the AMCDRR 2016, Government of Nepal, Ministry of Home Affairs

MOHA, 2019. Nepal Disaster Report 2019, Government of Nepal, Ministry of Home Affairs

NPC, 2007. Three Year Interim Plan (2007/08-2009/10), National Planning Commission Government of Nepal, Kathmandu

RC Neupane, 2009. Disaster Knowledge Series, 2009.

Sthapit K. M., 1995. Sedimentation-A Great Threat to Hydro-Power Generation in Nepal, WECS Bulletin, Vol. 6, No. 1 and 2, pp. 17-26, Water and Energy Commission Secretariat, Kathmandu

UNDP/BCPR, 2004. UNDP/BCPR, 2004, Reducing Disaster Risk: A Challenge for Development, A Global Report, United Nations Development Programme, Bureau for Crisis Prevention and Recovery, New York, USA

UNDP, 2013. Disaster Risk Governance: Issue Brief,UNDP, New York

UNDP, 2015. Strengthening Disaster Risk Governance, UNDP Support during the HFA Implementation Perido 2005-2015, United Nations Development Programme, New York

UNICEF, 2006. Situation of Children and Women in Nepal, United Nation's Children Fund, UN House, Kathmandu

World Bank, 2005. Natural Disaster Hotspots, A Global Risk Analysis, The World Bank